# प्रौढ बौद्ध कक्षा
# र
# लक्ष्मी



लेखिका

**भिक्षुणी धम्मवती**

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन
## (नेपाली भाषा)

१. बौद्ध दर्शन
२. पञ्चशील
३. शान्ति
४. नारी हृदय
५. पटाचार स्थविर चरित्र
६. बुद्ध शासनको इतिहास (भाग - १)
७. नेपाली ज्ञानमाला
८. बुद्ध र वहाँको विचार
९. बौद्ध ध्यान
१०. लक्ष्मी (प्र.सं.)
११. उखानको कथा संग्रह
१२. बौद्ध जगतमा स्वास्थ्य सेवा
१३. वेस्सन्तर जातक
१४. सतिपट्ठान भावना
१५. बौद्ध विश्वास (भाग-१)
१६. बौद्ध विश्वास (भाग - २)
१७. बौद्ध दर्पण
१८. महासतिपट्ठान विपस्सना अन्तर्मूखी ध्यान
१९. सप्त रत्न धन
२०. सफलताको कथा
२१. धर्म : एक चिन्तन
२२. मानव महामानव
२३. निरोगी
२४. जातक कथा
२५. प्रज्ञा चक्षु
२६. तथागत हृदय
२७. सतिपट्ठान विपस्सना
२८. बौद्ध प्रश्नोत्तर
२९. परित्राण (प्र.सं.)
३०. बुद्ध पुजा विधि र कक्षा संग्रह (प्र.स.)
३१. मैले बुझेको बुद्ध धर्म
३२. बुद्धको जीवनी र दर्शन
३३. आमा बाबु र छोराछोरी
३४. स्नेही छोरी
३५. परित्तसुत्त (पाली भाषा)
३६. मति राम्रो भए गति राम्रो हुनेछ
३७. बुद्ध र बुद्ध पछि
३८. "बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय" र बुद्धको जन्मभूति नेपालमा बुद्ध प्रति असहिष्णुता
३९. अ. धम्मवती
४०. बौद्ध ज्ञान
४१. संक्षिप्त बुद्ध जीवनी
४२. मिलिन्द प्रश्न (भाग - १)
४३. मिलिन्द प्रश्न (भाग- २)
४४. श्रमण नारद
४५. मानव स्वभाव
४६. महास्वप्न जातक
४७. बुद्ध पूजा विधि र कथा संग्रह (द्वि. सं.)
४८. बौद्ध ध्यान
४९. बौद्ध विश्वास (भाग - ३)
५०. बुद्धको अन्तिम यात्रा (प्रथम भाग)
५१. लक्ष्मी (द्वि.सं.)
५२. सम्यक शिक्षा
५३. परित्राण (द्वि. सं.)
५४. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष
५५. बुद्ध पूजा विधि कथा संग्रह र परित्राण
५६. बुद्ध पुजा विधि र परित्राण
५७. बुद्ध पुजा विधि
५८. लक्ष्मी (तृ.सं.)
५९. बुद्धको शिक्षात्मक उपदेश
६०. शान्ति मार्ग
६१. पहिलो गुरुको हुन् ?
६२. क्षान्ति र मैत्री (प्र.सं.)
६३. दान पारमिता
६४. बुद्धको संस्कृति र महत्व
६५. बोध कथा र बौद्ध चरित्र
६६. मिलिन्द प्रश्न भाग - १ (तृ.सं.)
६७. संक्षिप्त बुद्ध वंश भाग-१ (द्वि.सं.)
६८. चिरं तिट्टतु सद्धम्मो
६९. मिलिन्द प्रश्न भाग-२ (द्वि.सं.)
७०. संक्षिप्त बुद्ध वंश भाग-२ (प्र.सं.)
७१. संक्षिप्त बुद्ध वंश भाग-२ (द्वि.सं.)
७२. महास्वप्न जातक (तृ.सं.)
७३. बुद्ध पुजा विधि र कथा संग्रह (तृ.सं.)
७४. चित्त शुद्ध भए जीवन उज्ज्वल हुने छ (प्र.सं.)
७५. त्रिरत्न बन्दना व परित्राण (च.सं.)
७६. प्रौढ बौद्ध कक्षा र लक्ष्मी (प्र.सं.)

## Dharmakirti Publication
### (English)

1. Buddhist Economic and the Modern World
2. Dharmakirti Vihar Today
3. Dharmkirti Vihar
4. "Dharmakirti in Nut Shell"
5. Dhamma and Dhammawati

Downloaded from http://dhamma.digital

# प्रौढ बौद्ध कक्षा
# र
# लक्ष्मी

लेखिका
**भिक्षुणी धम्मवती**

Downloaded from http://dhamma.digital

प्रकाशक:
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार, श्रीघः नघल टोल
काठमाडौं
फोन नं : ४२५९४६६

| | |
|---|---|
| बुद्ध सम्बत् | २५४७ |
| नेपाल सम्वत् | ११२३ |
| विक्रम सम्वत् | २०६० |
| इस्वी सम्वत् | २००३ |

प्रथम संस्करण : २००० प्रति

टाइप_सेटिङ्गः
दिपेश, सुजाता

मुद्रकः
नील सरस्वती छापाखाना
लाजिम्पाट, काठमाडौं
फोन नं. ४४३३०५४

Downloaded from http://dhamma.digital

# धर्मदान गर्ने दाताहरू



रत्नवीर सिं शाक्य



इन्द्रशोभा शाक्य

Downloaded from http://dhamma.digital

# धर्मदान

धर्मदानले सबै दानलाई जित्छ भन्ने बुद्ध वचनलाई मनन गर्दै यस "प्रौढ बौद्ध कक्षा र लक्ष्मी" पुस्तक धर्मदान गर्दैछौं ।

स्वर्गिय बुबा पूर्णमान शाक्य, स्वर्गिय माता पतालक्ष्मी शाक्य र स्वर्गिय छोरा आनन्द मान शाक्यको पुण्य कामना गरी हामीले यस पुस्तक प्रकाशन गरी धर्मदान गरेका हौं । यस पुस्तक अध्ययन गर्ने पाठकवर्गले पुस्तकमा उल्लेख गरिएका बुद्ध शिक्षालाई आ-आफ्ना जीवनमा प्रयोग गरी अनित्य संसारको निस्सारतालाई बुझ्न सकुन् । फलस्वरूप प्रज्ञा ज्ञान बृद्धी गरी बाँकी जीवन सुख र सन्तोषपूर्वक विताउन सकोस् भनी कामना गर्दछौं ।

मिति - २०६० श्रावण ५

धर्मदान गर्ने दाताहरू
श्रीमान् रत्नवीर सिं शाक्य
श्रीमती इन्द्रशोभा शाक्य
श्रीघः नःघः, काठमाडौं ।

Downloaded from http://dhamma.digital

# भूमिका

हाम्रो देशमा (नेपालमा देवताहरु धेरै छन् । हाम्रो जनसंख्या भन्दा पनि देवताहरुको संख्या धेरै छ । तेतीस कोटी देवता छन् भन्ने त किंवदन्ति नै छ । जनै पिच्छे विभाजन गर्ने हो भने एकजना नेपालीको भागमा तेतीस देवता पर्न आउँछ । यी देवताहरुको भक्ति कसरी गर्ने ? के गरेमा यी देवताहरुले हाम्रा घरमा बास गर्लान् । यो कुरा ज्ञानले देख्न सके निकै लाभदायक होला । बिना ज्ञानको भक्ति अन्ध भक्ति हुन सक्छ, जसको फलस्वरुप"घो भक्ति मन कपटी " भन्ने उखान चरितार्थ हुन आउँछ । ज्ञानको प्रकाशले मनको अन्धकार नष्ट गरेर भक्ति गरेमा मात्र ज्ञान भक्ति मन शुद्धि हुन्छ । जबसम्म मानिसमा दया, माया, मैत्री, करुणाको अभाव भइरहन्छ समाजमा मत्स्यनीति (बलियोले निर्धोलाई दबाउने प्रथा) रहिरहन्छ , तिम्रो हाम्रो भन्ने पक्षपातपूर्ण व्यवहार भइरहन्छ । घो भक्ति मन कपटि भै देवताहरुको आड भरोसामा रहने संस्कार रहिरहन्छ कुनै घरमा, गाउँमा, टोलमा देशमा शान्ति हुँदैन । जसले कल्याणकारी धर्मज्ञान बोध गराउँछ, त्याग र उपकारको शिक्षा दिन्छ त्यही हाम्रो सर्वश्रेष्ठ देवता हुन् । उनबाट पाएको शिक्षा आफ्नो व्यवहारमा प्रयोग गरी लाभान्वित हुनु हाम्रो धर्म हो । यस्तो भए मात्र घर घरमा सुख शान्तिको वातावरण पैदा भई हाम्रो अधिराज्य देववासित, धर्म भाषित हुन्छ । यो तेंतीसकोटी देवताहरुको पूजा गर्ने विधि हो । यी देवताहरु मध्येका दुइ देवता, जोसँग प्रत्येक गृहस्थीको घनिष्ट सम्बन्ध छ, ती लक्ष्मी र कुलदेंवता हुन् ।



Downloaded from http://dhamma.digital

आफ्नो केटाकेटीहरुलाई राम्रो शिक्षा दिएर सचरित्र र कर्तव्यपरायण बनाउनको साथ घर गृहस्थीमा आइपर्ने समस्याहरुको शान्तिपूर्ण ढंगले समाधान गर्ने क्षमता प्रदान गर्नु नै कुलदेवता र लक्ष्मीको पूजा गर्नु हो । आजका लडका भोलिका कुलदीपक र आजको लडकी भोलीको गृहलक्ष्मी हुन् । तिनीहरु सुशिक्षित, कार्य कुशल, कर्तव्यपरायण भए मात्र कुलको गौरव बढ्नुको साथै घरमा श्री वृद्धि हुन्छ । गृहनायक हुन सक्छ । घरकी गृहणी पनि सुभाषिनी (मीठो बोलिबचन भएकी ) कर्तव्यपरायण (मान्यजनलाई मान मर्यादा राख्ने, आफूभन्दा मुनिकालाई स्नेहपूर्ण व्यवहार गर्ने नोकर चाकरलाई दया गर्ने, अतिथिहरुलाई दर्जा अनुसार सेवा गर्ने, ईर्ष्या र अहंकारले रहित भएर घर छिमेकीहरुसँग मैत्रीभाव गर्ने) भएन भने घरकी लक्ष्मी नभैकन गृह विनाश कारिणी हुन सक्छ । यतातिर ध्यान नदिकन वा यो नबुझिकन ढुकुटीमा लक्ष्मीको छापा टाँसेर धुमधामसँग पूजा गर्नु अन्ध भक्ति सिवाय अरु के हुन सक्ला !

जुन घरमा स्त्री र पुरुष दुवै असल (सदाचारी, संयमी र कर्तव्यपरायण) हुन्छ, इमान्दारपूर्वक (कुनै किसिमको पाप कर्म नगरिकन) धन कमाउँछ । ठाउँ हेरिकन आवश्यकतानुसार खर्च गर्छ, सत्कर्ममा मन दिन्छ, छोरा र छोरीमा भेदभाव नगरिकन समान शिक्षा दिन्छ भने पूजा नगरे पनि लक्ष्मी र कुलदेवता तिनीहरुदेखि खुसी हुन्छन्, रमाइलो मानेर तिनीहरुको घरमा बास गर्छन् । परिवारका प्रत्येक सदस्य (घरका सबै जहान) सच्चरित्र र प्रसन्न चित्तका भएका घर शान्तिको साम्राज्य हुन्छ । सबैको अनुहार उज्यालो हुन्छ । अनुहार हँसिलो हुन्छ । घरको सम्वृद्धिको लागि मिलजुल भएर सबै उद्यमी हुन्छन् । कलह र झगडाको जरै उखेलिएर घरमा सँधै शुभ मङ्गलको वर्षा भइरहन्छ ।



Downloaded from http://dhamma.digital

पहिले पहिले स्त्री जातिलाई शिक्षाको आवश्यकता छैन भनिन्थ्यो । स्त्री शिक्षाको चलन आएको धेरै वर्ष भएको छैन । त्यसैले महिलाहरु जति अघि बढ्नुपर्ने हो, बढ्न सकेको छैन । राम्रोसँग विचार गरी हेरेमा स्त्री जाति नै पहिले शिक्षित हुनपर्ने देखिन आउँछ । किनभने संसारको साँचो स्त्री जातीकै हातमा छ भने पनि हुन्छ । बाल बालिकाहरु हुर्कने पनि स्त्री जातिकै छायाँमा हो । आमा ज्ञानी गुणी र शिक्षित भएमा तिनका सन्तान पनि सज्जन हुनुको साथै सरलतापूर्वक शिक्षित हुन्छन्, उच्च शिक्षा प्राप्त गर्छन् । यसबाट स्पष्ट हुन्छ कि स्त्री शिक्षामा जति तीव्र गति हुन्छ उति शान्तिमय समाजको सृजनामा शीघ्रता आउँछ । साथै कला र शिल्प विद्या पनि हामीलाई अनिवार्य छ ।

हाम्रो देशमा स्त्री शिक्षाको प्रारम्भ भएको करीब ४५ वर्ष जति भयो होला । अहिले अधिराज्यभरि सह-शिक्षा (Co-education) भइरहेको छ । तर शिक्षाको प्रयोजन मात्र जागीर खानलाई सम्भिएको छ । यसैले शिक्षित समाजको रुपरेखा जस्तो हुनुपर्ने हो त्यस्तो हुन सकेको छैन भन्दा अत्युक्ति हुँदैन कि जस्तो लाग्छ । विद्यालयमा गएर पढ्नु जाँचमा पास हुनु, प्रमाण पत्र लिनु मात्र शिक्षा सम्भन्छन् । शिक्षित भए अनुसार ज्ञानी भएर कर्तव्यपरायण हुनुपर्छ भनी सम्भने धेरै कम मात्रामा होलान् यसैले होला धेरै पढे लेखेकी बुहारी घमण्डी हुन्छे, अहंकारी हुन्छे, घरायसी काममा सघाउ पुऱ्याउँदैन उल्टो उनैलाई चाकरी गर्नुपर्छ भन्ने गुनासो सुनिएको । मेरो विचारमा त शिक्षित मात्र भएर पुग्दैन, शिक्षित भए अनुसार परस्पर प्रसन्न चित्तले रहनु, बिना कुनै प्रकारको पाप कर्मले धन कमाउनु कमाएको धनको सदुपयोग र सुरक्षा गर्नुको साथै कलह रहित जीवन बिताउन



Downloaded from http://dhamma.digital

गृहस्थीहरुलाई आवश्यक कर्तव्य नियम सबै सिकेर सबैजना रिझिने व्यवहार पनि गर्न सक्नु पर्छ। छोरा र छोरीमा भेद नगरी दुवैलाई समान शिक्षा दिएर सच्चरित्र बनाउन सके छोरा भएन छोरी जन्मियो, छोरी भएन छोरा जन्मियो भनेर चिन्ता गर्नुपर्ने स्थिति आउँदैन।

आईमाईले पढेर के काम रण्डि हुन्छ, बोक्सी हुन्छ भन्ने चलन भएकोले पढ्न इच्छा हुनेहरु पनि स्कूलमा जान लाज मान्छन्। छोरीले पढ्न चाहे पनि नपढाउने बाबु आमाहरुको संख्या कम थिएन। यही संस्कार तथा अन्धविश्वासले गर्दा आजसम्म पनि स्त्री जाती अघि बढेको मन नपर्नेहरु छन्। त्यसैले जुन कामको निम्ति पुरुषलाई प्रशंसा गर्छन् त्यही काम स्त्री जातीले गरेकी भए नाक खुम्च्याएर ईर्ष्यालु भई संकुचित दृष्टिले हेरिन्छन्। भनिन्छ पनि "आइमाई भएर पनि त्यस्तो काम गर्ने ?" स्त्री जाती अघि बढेको देख्दा नाना तरहले टीका टिप्पणी गर्नेहरु भए पनि महिलाहरुलाई अघि बढाउन चाहने सज्जनहरु पनि छन्, नभएको होइन। अधिराज्यभर सह- शिक्षा (Co-education) लागु गरेर महिलावर्गलाई पुरुष सरह कार्य क्षेत्रमा डट्ने क्षमता प्रदान गर्ने श्री ५ को सरकारको उद्देश्य पनि छ। यो सब भएर पनि एउटा गजबको कुरा के छ भने स्त्री जाती प्रगतीशील होला, बढ्ला भन्ने डरले उन्नतिशील नारीत्वलाई थिचिराख्न चाहने खुद नारीहरु नै छन्।

ग्रन्थको अध्ययन गर्दा थाहा हुन्छ कि असल र खराब दुवै पक्षमा छन्। पाप धर्मको अगाडी स्त्री र पुरुषमा भेद छैन, जस्तो कि अग्निको अगाडि पोल्नु अग्निको गुण हो। स्त्री र पुरुष दुवैलाई यसले आफ्नो गुण जनाउँछ (पोल्छ) पाप र धर्मको गुण पनि यस्तै हो। न त पुरुषले गरेको पाप पाप भनिदैन न त स्त्रीले गरेको धर्म धर्म



Downloaded from http://dhamma.digital

भनिँदैन । निर्वाण (मोक्ष) को द्वार पुरुष जातिको लागि मात्र होइन स्त्री जातिको लागि पनि खुल्ला छ । केवल धैर्यशील प्रयत्नको लागी । "आइमाईले पनि यस्तो धर्म गर्ने ?" भनेर टीका टिप्पणी गर्नु, अनेक कुरा काट्नु अपरिपक्वताको परिचय सिवाय अरू के भन्नु ! मेरो विचारमा त :-

(१) स्त्री ठूलो कि पुरुष ठूलो ?

(२) धर्म गर्नेहरूले मासु खान हुन्छ कि हुँदैन ?

(३) पुनर्जन्म छ कि छैन ?

यस्तो तर्क गर्नु गाग्री भित्रको थोरै पानी छचल्किए झैं मात्र हो । हाम्रो यहाँ अज्ञानी तथा अशिक्षितहरुको संख्या कम छैन । स्त्री जातिलाई दबाउने संस्कार रहिरहेको पनि यसै कारणले होला । यो समानताको युग हो र हामीले समयलाई चिन्नु परेको छ अहिले ब्युँझने समय भयो । यो स्त्री यो पुरूष भनेर पक्षपात गर्नु बुद्धिमानी होइन । विद्वानहरुको के भनाई छ तलको श्लोकबाट थाहा हुन्छ ।

न सो सब्बेसु ठानेसु पण्डितो होति पुरिसो
इत्थीपि पण्डितो होति तत्थतत्थविचक्खणाति

अर्थ- जुनसुकै स्थानमा पनि पुरूषमात्र विद्वान पण्डित हुँदैन । कतै कतै स्त्री पनि विद्वान हुन्छ ।

यसैले पढ्न सकेमा बुद्धिमती हुन सकेमा स्त्री पनि विद्वान र पण्डित हुन्छ । छोरा छोरीलाई राम्रो शिक्षा दिनैपर्छ । केवल कलम घुमाउनु मात्र शिक्षा होइन । व्यवसाय सिक्नु बोल्ने तरिका सिक्नु विहारमा गएर धर्म भन्ने के हो ? बुझ्नु संत्संगत गर्नु, छलफल गर्नु यी सबै सुखमय जीवनको लागि प्रयत्न हो, शिक्षा हो ।



Downloaded from http://dhamma.digital

मेरो विचारमा घरबार राम्रो हुनलाई घरकी गृहणी राम्रो हुनुपर्छ । यहाँ राम्रोको अर्थ असल हो । यसैले असल नारीहरूको चरित्र चित्रण यस पुस्तकमा भएको छ ।

(१) यो एउटी स्त्रीले आफ्नो गरीब लोग्नेलाई धनी तुल्याएको कथा हो । यो जिनत्थपकासिनी भन्ने बर्मी भाषाको पुस्तकबाट लिएको बुद्धकालीन घटना हो । यसको साराशं हो घरको दरिद्रता हटाउनलाई लोग्ने र स्वास्नी दुवैको इलम हुनुपर्छ ।

(२) यो एउटा महिलाले आफ्नो रक्सीबाज लाग्नेको रक्सी खाने आदत छुट्याएको कथा हो । यो कथाले भन्छ कि स्वास्नी असल भए लोग्ने र केटा केटी असल हुन्छ । बालक बालिकाहरुको पहिलो साथी आमा-बाबु, त्यसपछि गुरू,विवाह भैसकेपछि स्वास्नी पनि लोग्नेको सच्चा साथी हो ।

(३) तेस्रो कथामा एउटा नारीले आफ्नो लोग्नेको रोग निको पारेको वर्णन छ । यो कथा बुद्धकालीन महिलामा पनि छ । तर मैले यो कथा बर्मी भाषाको पुस्तकबाट लिएको छु । यसमा बुद्धकालीन एउटा आदर्श घटनाको वर्णन छ । तिमीलाई औषधि गर्न यति खर्च लाग्यो, उति खर्च लाग्यो भनेर बिमारीको चित्त दुख्ने, रोगीलाई पीर पर्ने कुरा गर्नु हुन्दैन । बिरामीलाई त्यस्तो कुरा सुनायो भने धन खर्च गरेर उपचार गरेको खेर जान सक्छ । बिरामीसंग उनको मन हलुको हुने कुरा गर्नुपर्छ । पूजा, पाठ गराएर, कथा सुनाएर बिरामीको पीर हटाउने प्रयास गर्नुपर्छ इत्यादि यो कथाको शिक्षा हो । नकुलमाताले आफ्नो पतिको रोग निवारण गरेको ज्यादै अनुकरणीय छ ।



Downloaded from http://dhamma.digital

(४) एउटी महिलाले घरको कलह शान्त गरेको यो चौथो कहानी हो। परिवारमा एक दुइ जना स्वार्थी तथा लुच्चा भयो भने घर कलह हुन्छ भन्ने निर्विवाद छ। यो कथामा यो कुरा दर्शाइएको हो। घर कलह नहुनलाई घरका सबै जहान परिवार कर्तव्य पालन गर्ने हुनुपर्छ। त्यसले गर्ला, उसले गर्ला भनेर कामको बोझ अर्काको थाप्लोमा लाद्ने नियम गर्नु हुँदैन भन्ने यो कहानीको उपदेश हो।

(५) पतिव्रत धर्मको प्रभावले मृत शरीरमा फेरि जीवन संचार भएको यो जातक कथा हो। यो कथाले भनिरहेको छ कि पति पत्नी हुनु दाम्पत्य सुख आनन्दको लागि मात्र होइन दुःखमा सहभागी हुनुलाई पनि हो। सत्य धर्ममा रहनु पर्छ।

(६) एउटी महिलाको मैत्री बलले कुमन्त्र पनि सुमन्त्रमा परिणत भएको यो पनि जातक कथा हो तापनि यो मैले बर्मी पुस्तकबाट लिएको हुँ। आफ्नो कर्तव्य पालन गरेर मन शुद्ध गरिरहे आफूलाई नसहनेहरूले कुमन्त्र गरे पनि छुन सक्दैन। मन शुद्ध भएमा अर्कालाई बोक्सी भनेर कुमन्त्र देखेर डराउनु पर्ने अवस्था आउँदैन। दोष दिइरहन नपर्ने हुन्छ। मन शुद्ध गर्न सक्नु पर्छ। मैत्री चित्त बलियो हुनुपर्छ। मैत्री बल कुमन्त्र भन्दा उच्च र मजबूत छ भन्ने यो कथाको सन्देश हो।

**पुनश्च :-**

लक्ष्मी र प्रौढ बौद्ध कक्षा दुवै पुस्तकहरू पहिला प्रकाशित भैसकेका पुस्तकहरू हुन्। हाल यी दुवै पुस्तकहरूलाई एउटै पुस्तकमा गाभेर "प्रौढ बौद्ध कक्षा र लक्ष्मी" शिर्षक दिई प्रकाशित



Downloaded from http://dhamma.digital

भइरहेको छ । त्यसैले लक्ष्मी पुस्तकको भूमिकाको संगसंगै प्रौढ बौद्ध कक्षा विषयमा पनि केही परिभाषा दिन चाहेकी छु । यस पुस्तकमा बुद्धोपदेशित सार ज्ञानहरू (चतु आर्य सत्य, आर्य अष्टाङ्गिक मार्ग र अन्य विषयहरू पनि) संक्षिप्त रूपले बुझ्न र सम्झन सक्ने तरिकाले उल्लेख गरेकी छु । आशा छ, पुस्तक अध्ययन गरी पाठक वर्ग लाभान्वित हुनेछन् ।

भिक्षुणी धम्मवती
शासन धज धम्माचरिय
अग्ग महा गन्थवाचक पण्डित
धर्मकीर्ति बिहार काठमाडौं

२०६० श्रावण ५



Downloaded from http://dhamma.digital

# प्रकाशकीय

भिक्षुणी धम्मवतीद्वारा लिखित "प्रौढ बौद्ध कक्षा" र "लक्ष्मी घो" नामबाट नेपालभाषामा पहिला प्रकाशित पुस्तकहरू हुन् । पछि काठमाडौं उपत्यका बाहिरका पाठकवर्गहरूले पनि बुद्ध शिक्षा जान्ने मौका पावस् भनी लक्ष्मी घो पुस्तकलाई लक्ष्मी नाम राखी श्री चक्रमान शाक्यले नेपाली भाषामा रूपान्तर गरिदिनु भयो । अनि यस पुस्तक नेपालीमा पनि प्रकाशित गरियो ।

हाल प्रौढ बौद्ध कक्षा पुस्तकलाई पनि वीर्यवती गुरुमांले नेपाली भाषामा अनुवाद गरिदिएको हुँदा दुवै पुस्तकलाई एकै ठाउँमा गाभी "प्रौढ बौद्ध कक्षा र लक्ष्मी" नामले नेपाली भाषामा प्रकाशित गरिएको छ ।

यस पुस्तक उपासक रत्नवीर सिं शाक्य र उपासिका इन्द्रशोभा शाक्य परिवारले उहाँहरूका स्व. आमाबुबा र छोराको पुण्य स्मृतिमा प्रकाशन गर्नुभएको हो । पुस्तक प्रकाशनको लागि आवश्यक आर्थिक सहयोग प्रदान गर्नुहुने दाता परिवारको आयु आरोग्य कामना गर्दै धन्यवाद ज्ञापन गर्दछु । साथै पुस्तक समयमा नै प्रकाशन गर्नको लागि आवश्यक सहयोग गर्नुहुने नील सरस्वती छापाखानालाई पनि धन्यवाद व्यक्त गर्दछु ।

२०६० श्रावण ५

**भिक्षुणी धम्मवती**
शासन धज धम्माचरिय
अग्ग महा गन्थवाचक पण्डित
अध्यक्ष
धर्मकीर्ति विहार
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
श्रीघः नःघः, काठमाडौं ।

Downloaded from http://dhamma.digital

# विघ्नबाधा हट्ने सूत्र

१. हेतु पच्चयो
२. आरम्मण पच्चयो
३. अधिपति पच्चयो
४. अनन्तर पच्चयो
५. समनन्तर पच्चयो
६. सहजात पच्चयो
७. अञ्ञमञ्ञ पच्चयो
८. निस्सय पच्चयो
९. उपनिस्सय पच्चयो
१०. पुरेजात पच्चयो
११. पच्छाजात पच्चयो
१२. आसेवन पच्चयो
१३. कम्म पच्चयो
१४. विपाक पच्चयो
१५. आहार पच्चयो
१६. इन्द्रिय पच्चयो
१७. झान पच्चयो
१८. मग्ग पच्चयो
१९. सम्पयुत्त पच्चयो
२०. विप्पयुत्त पच्चयो
२१. अत्थि पच्चयो
२२. नत्थि पच्चयो
२३. विगत पच्चयो
२४. अविगत पच्चयो

हो तीति



Downloaded from http://dhamma.digital

# विषय सूची


| क्र.सं. | | पृष्ठ |
|---|---|---|
| १. | चतु आर्य सत्य र दु:ख सत्य | १ |
| २. | दु:ख समुदय सत्य र दु:ख निरोध सत्य | २ |
| ३. | दु:ख निरोध गामिनि र सम्मादिट्ठि (सम्यक दृष्टि) | ३ |
| ४. | सम्मा संकप्प (सम्यक संकल्प) | ४ |
| ५. | सम्मा वाचा (सम्यक वचन) | ४ |
| ६. | सम्मा कम्मन्त (सम्यक कर्मान्त) | ५ |
| ७. | सम्मा आजिव (सम्यक आजिव) | ५ |
| ८. | सम्मा वायाम (सम्यक ब्यायाम) | ६ |
| ९. | सम्मासति (सम्यक स्मृति) | ६ |
| १०. | सम्मा समाधि (सम्यक समाधि) | ७ |
| ११. | कायानुपस्सना सतिपट्ठान | ७ |
| १२. | वेदनानुपस्सना सतिपट्ठान | ८ |
| १३. | चित्तानु पस्सना सतिपट्ठान | ९ |
| १४. | धम्मानु पस्सना सतिपट्ठान | १० |
| १५. | पञ्च नीवरण | १० |
| १६. | पञ्च उपादान | ११ |
| १७. | छ आयातन | १२ |


Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| १८. | सत्त बोझङ्ग (सप्त बोध्यङ्ग) | १२ |
| १९. | पथवी धातु | १३ |
| २०. | आपो धातु | १४ |
| २१. | तेजो धातु | १५ |
| २२. | वायो धातु | १६ |
| २३. | सातवटा आर्य धनहरू | १६ |
| २४. | स्त्रीले गर्दा गरीब धनी भएको | १७ |
| २५. | रक्सीबाज लोग्ने सुधिएको स्वास्नीले गर्दा | २८ |
| २६. | नकुल पिताको रोग निवारण (स्वास्नीले गर्दा) | ३५ |
| २७. | घर-कलह शान्ति (एक महिलाद्वारा) | ४१ |
| २८. | स्वास्नीको धर्मले लोग्नेको ज्यान बचेको | ४६ |
| २९. | शुद्ध मैत्री चित्तको प्रभावले कुमन्त्रले छुन नसकेको | ५० |
| ३०. | सीमानिगु लुमंकी | ५८ |

Downloaded from http://dhamma.digital

## चतु आर्य सत्य भनेको के के हुन् ?

१) दु:ख सत्य = जीवन दु:खले भरिएको छ ।

२) दु:ख समुदय सत्य = दु:खको कारण तृष्णा ।

३) दु:ख निरोध सत्य = दु:ख नभएको निर्वाण ।

४) दु:ख निरोध गामिणि प्रतिपदा आर्यसत्य = दु:ख हटाउने मार्ग छ ।

★

## दु:ख सत्य भनेको के के हुन् ?

क) जाति दु:ख = जन्म हुनु दु:ख ।

ख) जरा दु:ख = बुढा बुढी हुनु दु:ख ।

ग) ब्याधि दु:ख = रोग हुनु दु:ख ।

घ) मरण दु:ख = मर्नुपर्ने दु:ख ।

ङ) अप्पियेहि सम्पयोगो दुक्खो = आफूलाई मन नपर्ने व्यक्तिहरूसँग जीवन बिताउनेपर्ने दु:ख ।

च) पियेही विप्पयोगो दुक्खो = आफूलाई मनपर्ने व्यक्तिहरूसँग विछोड भई बस्नुपर्ने दु:ख ।

छ) यंपिच्छं न लभति तम्पि दुक्खं = आफूले इच्छा गरेको पूरा नहुनु पनि दु:ख नै हो ।



Downloaded from http://dhamma.digital

ज) संखित्तेन पञ्चुपादानक्खन्धापि दुक्खा = संक्षिप्तमा भन्ने हो भने यस पञ्चस्कन्धरूपी शरीर धारण गर्नु नै दुःख हो।

★

## दुःख समुदय सत्य भनेको के के हुन् ?

क) काम तण्हा = पञ्चकाम भोग (मोज मज्जा) गर्ने इच्छा।

ख) भव तण्हा = फेरी फेरी जन्म लिने इच्छा।

ग) विभव तण्हा = तृष्णा क्षय नगरिकन नै मुक्ति प्राप्त गर्न सकिन्छ भन्ने विश्वास सहितको इच्छा।

★

## दुःख निरोध सत्य भनेको के के हुन् ?

Dhamma.Digital

क) स उपादिसेस निब्बान धातु = पञ्चस्कन्ध बाकि रहेको अवस्थामा क्लेश निरोध हुनु।

ख) अनुपादिसेस निब्बान धातु = पञ्चस्कन्ध र क्लेश दुबै निरोध हुनु ?

★



Downloaded from http://dhamma.digital

## दु:ख निरोध गामिनि पदिपदा आर्यसत्य भनेको के के हुन् ?

आर्य अष्टाङ्गिक मार्गहरू-

क) सम्मा दिट्ठि - सम्यक दृष्टि = ठीक तरिकाले बुझिलिने ।

ख) सम्मा संकल्प-सम्यक संकल्प = राम्रो नियत ।

ग) सम्मा वाचा - सम्यक वचन = ठीक तरिकाले कुरा गर्नु ।

घ) सम्मा कमन्त- सम्यक कर्मान्त = ठीक तरिकाको काम ।

ङ) सम्मा आजिव - सम्यक आजिव = ठीक तरिकाको जीविका ।

च) सम्मा वायाम-सम्यक ब्यायाम = ठीक ब्यायाम ।

छ) सम्मा सति - सम्यक स्मृति = ठीक स्मृति ।

ज) सम्मा समाधि-सम्यक समाधि = ठीक कार्यमा मन एकाग्रह गर्ने ।

★

## सम्मादिट्ठि (सम्यक दृष्टि) भनेको के के हुन् ?

१) दु:ख सत्यलाई देख्न सक्नु ।

२) दु:ख समुदय सत्यलाई देख्न सक्नु ।



Downloaded from http://dhamma.digital

३) दु:ख निरोध सत्यलाई देख्न सक्नु ।

४) दु:ख निरोध गामिनि पटिपदा आर्य सत्यलाई देख्न सक्नु ।

★

## सम्मा संकप्प (सम्यक संकल्प) भनेको के के हुन् ?

१) नेक्खम्म संकप्प = क्लेशबाट अलग्ग हुने इच्छा ।

२) अब्यापाद संकप्प = द्वेष भाव नगरी कसैलाई दु:ख नदिई उपकार गर्ने इच्छा ।

३) अविहिंसा संकप्प = कसैलाई पनि हिंसा नगर्ने इच्छा ।

★

## सम्मा वाचा (सम्यक वचन) भनेको के के हुन् ?

१) मुसावादा वेरमणि= झूठो कुरा गर्नबाट अलग्ग रहने ।

२) पिसुन वाचा वेरमणि = चुकली कुरा गर्नबाट अलग्ग रहने ।

३) फरूस वाचा वेरमणि = कडा वचन प्रयोग गर्नबाट अलग्ग रहने ।

४) सम्फप्पलाप वाचा वेरमणि = काम नलाग्ने बकवास गफ गर्नबाट अलग्ग रहने ।

★



Downloaded from http://dhamma.digital

## सम्मा कम्मन्त (सम्यक कर्मान्त) भनेको के के हुन् ?

१) पाणातिपाता वेरमणि = प्राणी हिंसा गर्ने कार्यबाट अलग्ग रहनु ।

२) अदिन्नादाना वेरमणि = परधन चोरेर लिने कार्यबाट अलग्ग रहनु ।

३) कामेसु मिच्छाचारा वेरमणि = काम मिथ्याचार कार्यबाट अलग्ग रहनु ।

★

## सम्मा आजिव (सम्यक आजिव) भनेको के के हुन् ?

१) मंस वाणिज्जा वेरमणि = प्राणी मारी मासु बेच्ने कार्यबाट अलग्ग रहने ।

२) पाण वाणिज्जा वेरमणि = मार्ने नियतले प्राणी बेच्ने कार्यबाट अलग्ग रहने ।

३) विस वाणिज्जा वेरमणि = मार्ने नियतले बिष बेच्ने कार्यबाट अलग्ग रहने ।

४) सत्थ वाणिज्जा वेरमणि = प्राणी मार्ने नियतले शस्त्र अस्त्र बेच्ने कार्यबाट अलग्ग रहने ।

५) मज्ज वाणिज्जा वेरमणि = जाँड, रक्सी आदि लठ्ठ पार्ने खालका मद्यपान र लागुपदार्थ आदिको ब्यापार गर्ने कार्यबाट अलग्ग रहने ।

★



Downloaded from http://dhamma.digital

## सम्मा वायाम (सम्यक ब्यायाम) भनेको के के हुन् ?

१) उप्पन्नानं पापकानं पहानाय वायामो = उत्पन्न भइसकेका पापलाई निर्मूल गर्ने ।

२) उनुप्पन्नानं पापकानं अनुप्पादाय वायामो = उत्पन्न भइनसकेका पापलाई उत्पन्न नै नगर्ने ।

३) अनुप्पन्नानं कुसलानं धम्मानं उप्पादाय वायामो = उत्पन्न हुन बाकि कुशल धर्मलाई उत्पन्न गर्न मेहनत गर्ने ।

४) उप्पन्नानं कुसलानं धम्मानं भिय्यो भावाय वायामो = उत्पन्न भइसकेका कुशल धर्मलाई बृद्धि गर्न मेहनत गर्ने ।

★

## सम्मासति (सम्यक स्मृति) भनेको के के हुन् ?

१) कायानुपस्सना सति पट्ठान = शरीरबाट क्लेश भित्रन नदिन होशियारी पूर्वक रहने ।

२) वेदनानु पस्साना सति पट्ठान = सुख दु:ख उपेक्षा वेदनाको तर्फबाट क्लेश भित्रन नदिई होशियारी पूर्वक रहने ।

३) चित्तानुपस्सना सतिपट्ठान = आफ्नो मनमा उत्पन्न भएका असल र खराब चित्तलाई होशियारी पूर्वक जाँची रहने ।



Downloaded from http://dhamma.digital

४) धम्मानुपस्सना सतिपट्ठान = कुशल धर्म र अकुशल धर्मलाई राम्ररी बुझी अकुशल धर्मलाई हटाउँदै कुशल धर्ममा होश पुऱ्याइरहने ।

★

## सम्मा समाधि (सम्यक समाधि) भनेको के–के हुन् ?

१) पथम ध्यान = वितक्क, विचार, प्रिति, सुख, एकाग्रता सहित पाँच अङ्गले परिपूर्ण ।

२) दुतिय ध्यान = विचार, प्रिति, सुख, एकाग्रता सहित चार अङ्गले परिपूर्ण ।

३) ततिय ध्यान = प्रिति, सुख, एकाग्रता सहित तीन अङ्गले परिपूर्ण ।

४) चतुत्थ ध्यान = सुख, एकाग्रता सहित दुई अङ्गले परिपूर्ण ।

५) पञ्चम ध्यान = उपेक्षा, एकाग्रता सहित दुई अङ्गले परिपूर्ण ।

★

## कायानुपस्सना सतिपट्ठान भनेको के के हुन् ?

१) आनापान सति = शरीरबाट श्वास भित्र बाहिर गइरहेको प्रकियालाई स्मृति राखिरहने ।



Downloaded from http://dhamma.digital

२) इरियापथ सति = उठ्ने, बस्ने, सुत्ने र हिंड्ने आदि गरी शरीरको चारवटा अवस्थामा स्मृति राखिरहने ।

३) पतिक्कूल मनसिकार = केसा (कपाल), लोमा (रौं) आदि गरी शरीरका बत्तीस कोट्ठासहरूमा स्मृति राखिरहने ।

४) धातु मनसिकार = पृथ्वी, आपो, तेजो, वायो आदि शरीरका चार धातुहरूमा स्मृति राखिरहने ।

★

## वेदनानुपस्सना सतिपट्ठान भनेको के के हुन् ?

१) सामिस सुख वेदना = वस्तुको आधारबाट प्राप्त भएको सुख वेदना ।

२) निरामिस सुख वेदना = वस्तुबाट अलग्ग रही प्राप्त भएको सुख वेदना ।

१) सामिस दु:ख वेदना = वस्तुको आधारबाट प्राप्त भएको दु:ख वेदना ।

२) निरामिस दु:ख वेदना = वस्तुबाट अलग्ग रही प्राप्त भएको दु:ख वेदना ।



Downloaded from http://dhamma.digital

१) सामिस उपेक्षा वेदना = वस्तुको आधारबाट प्राप्त भएको उपेक्षा वेदना ।

२) निरामिस उपेक्षा वेदना = वस्तुबाट अलग्ग रही प्राप्त भएको उपेक्षा वेदना ।

★

## चित्तानु पस्सना सतिपठ्ठान भनेको के के हुन् ?

१) सराग चित्त = राग सहितको चित्त

२) वीत राग चित्त = राग रहितको चित्त

३) सदोस चित्त = द्वेष सहितको चित्त

४) वीतदोस चित्त = द्वेष रहितको चित्त

५) समोह चित्त = मोह सहितको चित्त

६) वीतमोह चित्त = मोह रहितको चित्त

७) संखित्त चित्त = अल्छि (सांघुरो) स्वभावको चित्त

८) विक्खित्त चित्त = चञ्चल चित्त

९) महग्गत चित्त = उत्तम चित्त

१०) अमहग्गत चित्त = उत्तम नभएको चित्त

११) सउत्तर चित्त = आफूभन्दा उत्तम अर्को चित्त

१२) अनुत्तर चित्त = सबभन्दा उत्तम चित्त



Downloaded from http://dhamma.digital

१३) समाहित चित्त = एकाग्र चित्त
१४) असमाहित चित्त = एकाग्र नभएको चित्त
१५) विमुत्त चित्त = विमुक्त चित्त
१६) अविमुत्त चित्त = मुक्त नभएको चित्त ।

★

## धम्मानु पस्सना सतिपठ्ठान भनेको के के हुन् ?

१) पञ्चनीवरण = निर्वाण मार्गमा अगाडि बढ्ने बेलामा आउने पाँचबटा अवरोधहरू (बाधाहरू)
२) पञ्च उपादान = पाँचवटा उपादानहरू
३) छ आयतन = छ वटा आयतनहरू
४) सत्त बोज्भङ्ग = सातवटा बोधि अंगहरू
५) चतु आर्य सत्य = चार आर्य सत्यहरू

★

## पञ्च नीवरण भनेको के के हुन् ?

१) कामच्छन्द नीवरण = पाँचवटा सुख भोग गर्ने इच्छा ।
२) ब्यापाद नीवरण = अरुलाई दु:ख दिने इच्छा ।



Downloaded from http://dhamma.digital

३) थीनमिध्द नीवरण = शरीर र मनको अल्छीपना ।

४) उध्दच्च कुक्कुच्च नीवरण = चञ्चल र पश्चाताप हुनु ।

५) विचिकिच्छा नीवरण = बुद्ध, धर्म आदि तल उल्लेखित आठ क्षेत्रमा शंका उत्पन्न हुने ।

१) बुद्ध २) धर्म ३) संघ ४) शिक्षा ५) पूर्व जन्म ६) पुनर्जन्म ७) पूर्वजन्म र पूनर्जन्म ८) पटिच्च समुत्पाद आदि यी ८ क्षेत्रमा शंका हुनुलाई विचिकिच्छा भनिन्छ ।

★

## पञ्च उपादान भनेको के के हुन् ?

१) रुप उपादान स्कन्ध = रुप समूह

२) वेदना उपादान स्कन्ध = वेदना (सुख दु:खको समूह)

३) सञ्ञा उपादान स्कन्ध = सञ्ञा (चिन्ने क्षमता)

४) संखार उपादान स्कन्ध = संस्कार (मनमा जरों गाड्ने गरी बानी बस्ने)

५) विञ्ञाण उपादान स्कन्ध = (विज्ञानले राम्रो नराम्रो, ठीक बेठीक बुझ्ने गर्छ)

★



Downloaded from http://dhamma.digital

## छ आयतन भनेको के के हुन् ?

चक्खायतन = चक्षु प्रसाद
सोतायतन = स्रोत प्रसाद
घानायतन = घान प्रसाद
जिव्हायतन = जिव्हा प्रसाद
कायायतन = काय प्रसाद
मनायतन = मन जम्मा १२१ वटा छन्

★

## सत्त बोज्झङ्ग (सप्त बोध्यङ्ग) भनेको के के हुन् ?

१) सति सम्बोज्झङ्ग = पहिला गरि राखेको र भनि राखेको काम र कुराहरु पछि सम्म पनि सम्झी जस्तो हो त्यस्तै गरी आफ्नो बुद्धिले थाहा पाइराख्ने चेतसिक हो ।

२) धम्म विचय सम्बोज्झङ्ग = नाम रुप धर्मलाई अनित्य दुःख अनात्म भनी जानी बुझ्न सक्ने प्रज्ञा चेतसिक हो ।

३) वीरिय सम्बोज्झङ्ग = आफ्नो मनमा अकुशल चेतना उत्पन्न हुन नदिन र कुशल चेतना उत्पन्न गर्न अभ्यासरत वीर्य चेतसिक हो ।



Downloaded from http://dhamma.digital

४) पीति सम्बोज्झङ्ग = चित्त र चेतसिक प्रसन्न राखी काय र चित्त (शारीरिक र मानसिक) तवरले रमाउने निरामिस प्रीति चेतसिक हो।

५) पस्सध्दि सम्बोज्झङ्ग = नाम धर्म परम्परा बारे क्लेश अग्निलाई दमन गर्न सक्ने क्षमता भएको काय र चित्त पस्सध्दि चेतसिक दुइवटा हुन्।

६) समाधि सम्बोज्झङ्ग = चित्त र चेतसिक एउटै आरम्मणमा रहने स्वभाव भएको एकाग्रता चेतसिक हो।

७) उपेक्खा सम्बोज्झङ्ग = विदर्शना चित्त सन्तति (प्रवाहमा) समान भाव हुने स्वभाव तत्रमज्झत्तता मध्यस्थता चेतसिक हो।

★

## पथवी धातु भनेको के के हुन् ?

१) केसा - कपाल
२) लोमा - रौं
३) नखा - नङ्ग
१०) वक्कं - मृगौला
११) हदयं - मुटु
१२) यकनं - कलेजो



Downloaded from http://dhamma.digital

४) दन्ता - दाँत

५) तचो - छाला

६) मंसं - मासु

७) न्हारु - नसा

८) अट्ठि - हड्डी

९) अट्ठिमिज्जं - मज्जा (नली हाड भित्र रहने एक प्रकारको गीलो पदार्थ, नेवारी भाषाबाट 'स्यो' भनिन्छ)

१३) किलोमकं - झिल्ली

१४) पिहकं - फियो

१५) पप्फासं - फोक्सो

१६) अन्तं - ठूलो आन्द्रा

१७) अन्तगुणं - सानो आन्द्रा

१८) उदरीयं - पेट, आमाशय

१९) करीसं - मल

२०) मत्थलुङ्गं - गिदी, मगज ।

★

## आपो धातु भनेको के के हुन् ?

१) पित्तं - पित्त

२) सेम्हं - खकार

३) पुब्बो - पीप

४) लोहितं - रगत

५) सेदो - पसिना

६) मेदो - शरीरबाट निस्कने एक प्रकारको चिल्लो पदार्थ अर्थात् चिल्लोपना



Downloaded from http://dhamma.digital

७) अस्सु - आँसु

८) वस्सा - बोसो

९) सेलो - थुक

१०) सिंघाणीकं - सिङ्गान

११) लसिकं - र्‍याल

१२) मुत्तं - पिशाव

★

## तेजो धातु भनेको के के हुन् ?

१) सन्तापना तेजो - ताप भई पोलेर डाहा हुने एक प्रकारको अग्नी धातु ।

२) जिरण तेजो - शरीरलाई जीर्ण गरिदिने एक प्रकारको अग्नी धातु ।

३) परीपाचक तेजो - शरीरलाई छिपाउँदै लाने एक प्रकारको अग्नी धातु ।

४) परीदहन तेजो - शोक पीडाले डाहा हुने एक प्रकारको अग्नी धातु ।

★



Downloaded from http://dhamma.digital

## वायो धातु भनेको के के हुन् ?

१) उध्दंगम वायो - शरीरको माथिल्लो भागबाट निस्कने वायू।
२) अधोगम वायो - शरीरको तल्लो भागबाट निस्कने वायू।
३) कुच्छित्थ वायो - पेटभित्र रहेको वायू।
४) कोट्ठासय वायो - आन्द्राभित्र रहेको वायू।
५) अंग मंगानुसारी वायो - अंग प्रत्यंगमा बगिरहने वायू।
६) अस्सास पस्सास वायो - श्वास प्रश्वासमा प्रयोग भइरहने वायू।

★

## सातवटा आर्य धनहरू

१) सद्धा धनं - श्रध्दा उत्पन्न गर्ने।
२) शील धनं - आचरण (बानी व्यवहार) राम्रो गर्ने।
३) हिरी धनं - पाप कार्य देखेर लाज मान्ने।
४) ओत्तप्प धनं - पाप कार्य देखेर डराउने।
५) बहुसुत्त धनं - बहुश्रुत ज्ञान लाभ गर्ने।
६) चाग धनं - त्याग भावना उत्पन्न गर्ने।
७) पञ्ञा धनं - प्रज्ञा, विवेक बुद्धि उत्पन्न गर्ने।

★



Downloaded from http://dhamma.digital

# स्त्रीले गर्दा गरीब धनी भएको

मगधराज्यको राजधानी राजगृह थियो । भगवान बुद्धको समयमा महाराज बिम्बिसार त्यहाँ राज्य गर्दथे । त्यहाँ जोतिक, जतिल जस्ता अनेक धनवान महाजनहरू हुनुको साथै अत्यन्त दयनीय गरीबहरूको संख्या पनि कम थिएन । यो दीन हीन गरीबहरू मध्ये काकोन नाम गरेको ब्राह्मणको एक परिवार पनि थियो । तिनीहरू राजगृह बस्दथे । पूंजीको अभावले गर्दा तिनीहरूले केही इलम गर्न सकेका थिएन । वनमा गएर दाउरा ल्याउनु बजारमा बेच्नु, त्यसबाट आएको आम्दानी नै तिनीहरूको जीविकाको साधन थियो । काकोन ब्राह्मण खाली पेटले वनमा जान्थे, दाउरा ल्याउँथे र त्यो दाउरा बेचेरखाने सामान किनेर घर आउँथे, त्यो आम्दानीले एकैछाक मात्र टर्थ्यो । ब्राह्मण बजारबाट नआउञ्जेल ब्राह्मणी भोकै बसिरहनु पर्थ्यो । एकदिन ब्राह्मणीले विचार गरिन्-लोग्नेले दाउरा बेचेको पैसाले ऊ नआउञ्जेल भोकै बसेर दिनको एकछाक मात्र खाइरहनु पर्छ । केही चिज खान मनलागे पनि लोग्नेलाई कुर्नुपर्ने । लोग्नेको भरमा मात्र बसेर भएन । आफूले पनि यताउति केही काम खोज्नु पऱ्यो । तिनताक त्यहाँ स्वास्नीमानिसले गर्न सकिने काम पनि उस्तो थिएन । घाँस काट्ने, भाँडा माझ्ने, धान कुट्ने, स्वास्नी मानिसले गर्ने काम ति मात्र थियो । ब्राह्मणीले धान कुटेको ठाउँमा काम गर्न जाने गरिन् । ज्यालाको रूपमा कनिकाहरू पाउँदथिन् । अलिकति कनिका हुनासाथ ब्राह्मणीले सोचिन्- लोग्नेको कमाइले बेलुकाको छाक टर्दछ । मेरो कमाइ यो कनिकाको बिहान क्वाँटी पकाएर खाउँ । ब्राह्मणीले बिहान क्वाँटी पकाउने गरिन्, ब्राह्मणलाई ख्वाउँथिन्



Downloaded from http://dhamma.digital

अनि आफू खान्थिन् । यसरी स्वास्नीको अलिकति कनिका आम्दानी भएकोले काकोन ब्राह्मणलाई खाली पेटले वन जान परेन ।

भगवान बुद्धको समयमा शील सत्यमा बलवान् भिक्षुहरू धेरै थिए । महान् शक्ति सम्पन्न भिक्षुहरू हरहमेशा दु:खी दरिद्रहरुको उद्धार गर्नमा तत्पर थिए । करूणा (समापति) ज्ञानले पूर्ण भएका अरहन्त भिक्षुहरु बराबर जंगलमा जान्थे र निरोध समापति भावना गर्थे । किनभने सात दिनसम्म बिशुद्ध पवित्र भएर निरोध समापत्ति भावना गर्थे । किनभने सात दिनसम्म विशुद्ध पवित्र भएर निरोध समापत्तिमा रही समाधिबाट उठेर कुनै गरीबको हातबाट केही चीज दान लिदां त्यो गरीबलाई विपुल सम्पत्ति लाभ हुन्थ्यो । यसैकारण गरीब उद्धार गर्ने उद्देश्यले सारीपुत्र महास्थविर भन्ते निरोध समापत्तिमा बस्नुभयो । सात दिनपछि समाधिबाट उठेर महास्थविर भन्तेले दु:खको खोजी गर्नु हुदाँ काकोन ब्राह्मणको स्त्री पुरूषलाई देख्नु भयो । सारीपुत्र महास्थवीर भन्ते भिक्षापात्र लिएर तिनीहरूकै दैलो अगाडि उभिनु भयो ।

काकोन ब्राह्मणी कनिकाको क्वाँटी पकाइ रहेकी थिइन् । क्वाँटी पकाइसके पछि लोग्नेलाई दुइवटा कचौरामा क्वाँटी भाग लगाइरहँदा सारीपुत्र महास्थविरलाई हातमा भिक्षापत्र लिएर दैलो अगाडी उभिरहनु भएको देखिन् । ब्राह्मणीले विचार गरिन् । धन जम्मा गरेर सुखी बन्ने उद्देश्यले धेरै मिहेनत गऱ्यौं । तर हाम्रो परिश्रम भाग्यको पात्रमा नपरेकोले हाम्रो सारा प्रयत्न बालुवामा खन्याएको पानी झैं गायब भइरहेछ । भाग्य भन्नु आफूले गरेको पर उपकार र दान पुण्यको फल हो । आज म पनि आफ्नो पसिनाले कमाएको कनिकाको क्वाँटी उहाँ पवित्र, शीलवान श्रमणलाई दान गर्छु ।



Downloaded from http://dhamma.digital

यसको फल राम्रो भाग्य बनेर यही जन्ममा हामीलाई प्राप्त हुन्छ। अनि हाम्रो बुद्धि र परिश्रम सफल होला। यति विचार गरेर काकोन ब्राह्मणीले क्वाँटी दान गर्न आफ्नो लोग्नेसँग सोधिन्। ब्राह्मण भन्दछ,"यो क्वाँटी तिम्रो परिश्रमको कमाई हो। जे मन लाग्छ गर। असल काम गर्न चाहेकी तिमीलाई म सहर्ष समर्थन गर्छु।"

पतिको स्वीकृति पाएपछि ब्राह्मणीले सारीपुत्र भन्तेको अगाडि उभिएर भनिन्। "करुणावान् भन्ते ! हाम्रो अभाग्य नाश भएर भाग्यको उदय होस् भन्ने कामना गरेर म दु:खीले आफ्नो गच्छेनुसार दिएको यो कनिकाको क्वाँटी कृपापूर्वक ग्रहण गरिदिनुहोस्।" यति भनेर ब्राह्मणीले कनिकाको क्वाँटी महास्थविरको भिक्षापात्रमा खन्याइदिइन्। आशीर्वाद दिएर सारीपुत्र महास्थविर त्यहाँबाट जानुभयो।

त्यसपछि काकोन ब्राह्मण दाउराको लागि वनमा गयो। ब्राह्मणीले स्वगत कुरा गरिन्,"मैले भाग्यको बिउ रोपिसकें मेरो भाग्योदय कताबाट हुन्छ। कसरी मैले आफ्नो बुद्धि र परिश्रमले काम लिन सकुँला।" यस्तै कल्पनाले तिनको दिन बित्यो। लोग्नेले दाउरा बेचेर ल्याएको खाने सामान पकाएर खानपिन गरी निन्द्रा नपरून्जेल तिनले भाग्यको आशा गरिरहिन्।

त्यही दिन सबेरै जागा हुनासाथ बिम्बिसार महाराजको मनमा यस्तो कुरा खेल्यो- "मेरो शासनले जनहित भयो कि भएन। मैले ऐनकानून बनाएको जनहितको लागि हो। तर जनतालाई मर्का परेको छ कि ! मेरो अगाडि सबै कुरा ठीक छ महाराज ! सबै ठाउँमा शान्ति छ महाराज ! भन्छन्। ठीक छैन भन्न सक्ने कोही छैन र राजभक्ति देखाई टोपलेर आफ्नो स्वार्थ सिद्ध गर्न चाहनेहरु पनि कम



Downloaded from http://dhamma.digital

छैन । खुद आफैले भेष बदली साधारण मानिस बनेर देखका कुना काप्चा सम्म घुमेर हेर्नु पर्‍यो ।"

यस्तो विचार गरेर महाराज बिम्बिसार बिहान सबेरै भेष बदलेर देवस्थलमा, पसलमा, दोबाटोमा, जहाँ जहाँ मानिसहरुको जमघट हुन्थ्यो, त्यहाँ घुम्दै मुर्दा जलाउने मसानघाटमा पुगे ।

तिनताक मगधराज्यमा साधारण चोरलाई हातखुट्टामा किला ठोकी एकदिन एकरात (२४ घण्टा) उभ्याई राखेर भोलिपल्ट मात्रै मार्ने कानून थियो । डाकू अथवा ज्यानमारा भएमा चाकबाट सुइरो रोपेर टाउकोबाट छिचोली माछा उने झैं गरेर २४ घण्टा कठोर सजाँय दिई भोलिपल्ट मार्ने चलन थियो ।

भेष बदलेर राज्यको कुना काप्चासम्म निरीक्षण गर्दै हिंडेका महाराज बिम्बिसारले मसानघाटमा पुग्दा चारैवटा हात खुट्टामा किला ठोकेर सजाँय दिइराखेको चोरलाई देखे । चोरले भोगिरहेको यातना देखेर राजाको मन पग्ल्यो । दया र करूणाले प्लावित राजाको हृदय छिया छिया भयो । चोरको नजिक गएर राजाले भने,"हे पुरूष ! तँलाई चोर भनेर सजाँय दिइराखिसक्यो । भोलि तँ मारिने छस् । तेरो केही इच्छा भए भन । म पुऱ्याइदिनेछु ।"

चोरले विचार गऱ्यो - यो कुनै दयावान महाजन हुन सक्छ । त्यसले भन्यो,"हे दयावान मानव ! मलाई चोर भनेर समातेर ल्याएदेखि मैले केहीखान पाएको छैन । पेटमा भोकको आगो दन्किरहेछ । म त अवश्य मर्ने भैसकें । तापनि मर्नुभन्दा अघि एकछाक मीठो भात र एक लोटा चिसो पानी खान मन लागिरहेछ । कृपा गरेर यो इच्छा पुऱ्याइदिनुहोस् ।



Downloaded from http://dhamma.digital

"हुन्छ, तेरो इच्छा पुऱ्यादिंन्छु ।" यति भनेर भेष बदलेका राजा त्यहाँबाट फर्के । दरबारमा पुगेर राजा राजै भए । राजकाजमा भुलेर चोरलाई कबुल गरेको कुरा बिर्से । दिनभरि राज्य शासनको काममा व्यस्त रहे र रात पऱ्यो । मन्त्रीहरू घर गए । राजालाई फुर्सद भयो भान्सेले खाजा टक्राउन ल्यायो । त्यो देख्नासाथ राजाले चोरलाई प्रतिज्ञा गरेको कुरा सम्झे । खान भनि बसेको ठाउँबाट उठेर राजाले भने,"यो भात मसानघाटमा सजाँय भोगिरहेको चोरलाई लगिदेऊ ।" तर राजाको यो आदेश पालन गर्ने क्षमता कसैसँग भएन । किनभने राजगृह नगरको चारैतिर अग्ला अग्ला पर्खालहरु थिए । बेलुका ६ बजे नगरको ढोका बन्द हुन्थ्यो । जनसंख्या थोरै थियो । अमनुष्यहरू धेरै थिए । रात परेपछि सर्तक भएर अमनुष्यहरूबाट सुरक्षित हुनुपर्थ्यो । नत्र राक्षसहरूबाट आपत्ति लाग्थ्यो । यसैकारणले राजाको आज्ञा मान्न कोही तयार भएन ।

यो कुरा अहिलेको जमानामा विश्वास गर्न गाह्रो पर्ला । अहिले जनसंख्या बढेर परिवार नियोजन गर्नु पर्ने अवस्था आइसक्यो । मानिसहरू धेरै भएर राक्षसहरू भागिसके । देवताहरूको पूजा गर्नुको सट्टा देवताहरू चोरेर विदेशमा बेच्ने भएकोले देवताहरू पनि अब मानिसहरूदेखि डराउने भैसक्यो ।

अमनुष्यहरूको डरले बेलुका ६ बजे नगरको ढोका बन्द हुन्छ । रातमा मसानघाट गएर कुन चाहिँ सुखी मानिसले चोरलाई भात खुवाउन जान अघि सर्ला ! मर्नु परे पनि मरूँला भन्ने त गरीबै न हो ? यसैले राजाले विचार गरे, धनको लोभ देखाउनु पऱ्यो । यो उपाय सुझेपछि राजाले झ्यालि पिटाउन लगाए- आज बेलुका मसानघाटमा सजाँय भोगिरहेको चोरलाई जसले भात खुवाउन जान्छ, उसलाई एक हजार कार्षापण (रुपैयाँ) पुरस्कार मिल्नेछ ।



Downloaded from http://dhamma.digital

"महास्थविर सारीपुत्र भन्तेलाई आफ्नो सच्चा परिश्रमको कमाई कनिका क्वाँटी दान गरेर आज बिहान रोपेको भाग्यको बिउ कहिले टुसाउला र फल्ला ।" काकोन ब्राह्मणी स्त्री मनमनै यो भनिरहेकी थिइन् । राजाको घोषणा सुनेर तिनले भनिन् "मेरो भाग्यको बिजांकुर अब देखिन लाग्यो । मिहेनत र बुद्धिले काम लिने बेला आयो ।" काकोन ब्राह्मणीले दगुर्दै गएर झ्यालि पिट्न आएको मानिसलाई भनिन्" यो काम म गर्ने भएँ । अब झ्यालि पिट्न पर्दैन । मेरो पतिसँग सोधी तुरुन्तै म यहाँ आउनेछु । " यति भनेर काकोन ब्राह्मणी हतपत घरमा गइन् र पतिलाई भनिन्, "हामीले आज बिहान रोपेको भाग्यको बिउ टुसायो । अब चाँडै नै फल फल्नेछ ।"

"कसरी ?"

"सुन्नुभएन तपाईले, झ्यालि पिट्न आएको ? झुण्ड्याएर मार्न लागेको चोरलाई जसले भात ख्वाउन जान्छ उसलाई राजाले एकहजार कार्षापण बक्सिन्छ । म चोरलाई भात ख्वाएंर आउँछु । वचन दिनुहोस् ।"

"पर्दैन अहिले रात परिसक्यो । यो अँध्यारो रात ! नगर बाहिर डरलाग्दा अमनुष्यहरूको भय छ । तिमी निस्के पछि नगरको ढोका बन्द हुन्छ । राक्षसले तिमीलाई खान्छ । फर्किन सक्नेछैनौ ।"

"खाँदैन स्वामी ! मलाई राक्षसले खाँदैन । यसमा मेरो दृढ विश्वास छ । अघि जस्तो मेरो मन कमजोर छैन । मनमा आत्मविश्वास छ । अब म अभागिनी होइन । शुद्ध मनले शुद्ध श्रमणलाई आफ्नो सच्चा परिश्रमको कमाई कनिकाको क्वाँटी दान दिएको यो कदापि खेर जाँदैन । भाग्य रूपी फल प्राप्त गर्न मात्र मिहेनत र परिश्रमको आवश्यकता छ । अब म मर्ने छैन । मलाई राक्षसले छुन पनि सक्ने छैन ।"



Downloaded from http://dhamma.digital

"के तिमी भाग्यको आशाले मर्न जाने ? प्रसन्न चित्तले हँसिलो भएर परस्पर मुख हेरिरहन पाए पुग्छ। धनको लोभले ज्यान फाल्ने काम नगर। मिठो नमिठो जे उब्जिन्छ, आफ्नो परिश्रमले त्यसमा सन्तुष्ट भएर दिनको एक छाक मात्र खाएर भए पनि मिलीजुल भइरहनु पनि भाग्य हो।"

" आफ्नो अवस्था सुधार्नलाई उत्साह र आत्मविश्वास चाहिन्छ। फलामलाई नष्ट गर्ने फलामैबाट निस्केको खियाले हो। त्यस्तै मानिसको भाग्य विनाश गर्ने पनि मानिसकै मनको आलस्यले हो। म मर्न जाने होइन। मलाई नरोक्नु होस्।" यति भनि ब्राह्मणी सरासर राजाकहाँ गइन्।

राजदरबारमा पुगेर ब्राह्मणीले विन्ती गरीन्, "महाराज, म मसानघातमा सजाँय भोगिरहेको चोरलाई भात ख्वाउन जान्छु। तर मैले भनेको थालमा भात राखेर लान पाउँ।"

राजाले हर्षपूर्वक भने,"हुन्छ, भात ख्वाउन जान्छु मात्र भन। तिमीले भनेको थालमा राखेर पठाइदिन्छु। भन, तिमीलाई कस्तो थाल चाहिंयो ?"

राजाले ब्राह्मणीको माग पूरा गरिदिए। रत्नजडित सुनको थालमा भात राखेर एकलोटा चीसो पानी पनि लिएर ब्राह्मणी मसानघाटतिर लागिन्। मसानघाट जाँदा एउटा ताडको रूखको जङ्गल पार गर्नुपर्थ्यो। त्यो जङ्गलमा दीघताल भन्ने एउटा भयंकर राक्षस बस्थ्यो। आहार खोज्न भनी निस्केको त्यो राक्षसले ब्राह्मणी लाई देख्यो। राक्षस खुशी भयो, "आहा ! मेरो कस्तो भाग्य आज ! कति राम्रो साइतमा निस्केछु। थालभरी भात र एकजना मानिस पनि। भातको साथै मानिसको तातो रगत र मासु पनि खान पाउने भयो।"



Downloaded from http://dhamma.digital

"यक्षदाजु ! तपाईलाई थाहै छ होला, विचार नगरिकन झ्वाट्ट कुनै काम पनि गर्नु हुँदैन । मलाई खान उचित छ कि छैन विवेक र बुद्धिलाई साक्षी राखेर राम्रोसंग विचार गर । किनकि म आफ्नो स्वार्थको लागि यहाँ आएकी होइन । असल राजा भनेर सबैले मानिराखेको महाराज बिम्बिसारको असल कामना पूर्ण गर्नाको निमित्त मसानघाटमा दण्ड भोगिरहेको मानिसलाई भात ख्वाउन भनी आएकी हुँ । एक छाक मीठो भात खाएर मर्छु भनी आशा गरिरहेको त्यो दण्डभोगि व्यक्तिको आशा पूर्ण गर्न आफ्नो ज्यानको माया मारेर म आइरहेकी छु । यसैले मलाई खान योग्य छैन ।"

"तँलाई राजाले पठाएको हो भन्ने के प्रमाण छ ? राक्षसले गर्जेर भन्यो ।

"यस्तो रत्नजडित सुनको थाल म जस्तो गरीबको हुन्छ र ? यसबाट बुझ्नुहोस् म आफ्नो खुसीले आएकी हुँ वा राजाको आज्ञाले ।"

राक्षस मौन भयो । उसले आफूलाई भन्यो-"हो बा, यिनी त न्याय परायण दयावान राजाको आज्ञाले आएकी हुन् । यिनलाई खानु हुँदैन र राक्षसको मनमा सत्य धर्मको चेतना आयो । राक्षस भएपनि त्यो अमनुष्यसंग बुद्धि र विवेक थियो । दु:खको कुरा ! मानिसहरूमा बरू विवेक र बुद्धि हराउँदै छ । राक्षसले ब्राह्मणीलाई भन्यो-"मैयाँ तिमीले मेरो पनि एउटा काम गरिदेऊ, हुन्छ ?"

"तपाईले मलाई दया गर्नु भयो । तपाईको काम गर्नुपनि त मेरो कर्तव्य हो ।"

"सुन, मसानघाटदेखि केही पर एउटा ठूलो इमलीको रूख छ । त्यसमा एउटा बृक्ष देवता छ । उनकी छोरी मेरी पत्नी हुन् ।



Downloaded from http://dhamma.digital

तिनबाट भर्खरै एउटा छोरो जन्म्यो । त्यो देवतालाई यो समाचार भनिदिनू ।"

"हुन्छ, मैले खुसीसाथ भनिदिन्छु ।"

ब्राह्मणी मसानघाटतिर गइन् । सजाँय भोगिरहेको चोरको पेटमा भुखाग्नि दन्किरहेको थियो । हातखुट्टामा किला थोकिखेकाले त्यो चल्न सक्दैनथ्यो । ब्राह्मणीले महाराज बिम्बिसारको भोजन, त्यो भात एकएक गाँस गरेर चोरको मुखमा राखिदिइन् । चोरलाई देवभोजन अमृत खाएजस्तो भयो । चोरले भात स्वाद लिंदै ब्राह्मणीलाई धन्यवाद दिंदै गऱ्यो । भात ख्वाइसकेपछि ब्राह्मणीले पानी खान दिइन् । त्यसपछि इमलीको रूखमा गएर देवतालाई राक्षसको समाचार भनिन्,"हे वृक्षदेवता ! ताड वृक्षको जङ्गलमा बस्ने यक्षको समाचार लिएर म आएको छु । खुसी हुनुहोस् । भर्खर तपाईकी छोरीले पुत्र पैदा गरिन् ।" नाती जन्मेको समाचार सुनेर वृक्षदेवता अति खुसी भयो । साँवाको भन्दा ब्याजको माया भनेजस्तै वृक्षदेवतालाई छोरीको भन्दा नातीको माया लाग्यो । यस्तो हुनु प्रकृतिको स्वभाव रहेछ । महाराज शुद्धोधनलाई पनि जेठो छोरो सिद्धार्थ र कान्छो छोरो नन्दकुमार प्रवजित हुँदा त्यति दु:ख लागेन जति राहुलकुमार प्रवजित हुँदा दु:खको अनुभव भयो । महाराज शुद्धोधनले यस्तो भन्नु भएको थियो । छोराछोरीको माया रगत मांस पार गरेर हाडसम्म पुग्छ । तर नातिको माया हड्डी छिचोलेर हाड भित्रको तत्व (Marrow) सम्म पुग्दछ । वृक्षदेवतालाई पनि यस्तै भयो । वृक्षदेवताको खुसीको सीमाना रहेन । खुसी समाचार सुनाउन आएकी ब्राह्मणीलाई के दिऊँ, के दिऊँ भयो । आपतकालको लागिभनेर त्यो जङ्गलमा साहु महाजनहरूले सातवटा सुर्वणघट गाडिराखेको रहेछ । ती महाजन मरिसके । ती सुनका गाग्रीहरू बेवारिस



Downloaded from http://dhamma.digital

भएर त्यसै परिरहेका रहेछन् । यो सम्झेर देवताले ब्राह्मणीलाई भने, "मैयाँ ! तिमीले नाति जन्मेको समाचार सुनायौ । तिमीलाई एउटा पुरस्कार दिन्छु । यहाँ जङ्गलमा सातवटा सुनका गाग्रीहरू छन् । भोलि यहाँ आएर खनेर लैजानू ।" देवताले ठाउँ देखाइदिए ।

"हवस् । भने र ब्राह्मणी त्यहाँबाट फर्किन् । बाटोमा त्यही राक्षससंग भेट भयो । राक्षसले सोध्यो- "मैले भनेको समाचार पुऱ्याइदियौ ?"

"पुऱ्याइदिएँ ।" ब्राह्मणीले भनिन्, "देवता अति खुसी हुनुभयो । पुरस्कार स्वरूप मलाई सातवटा सुनका गाग्रीहरू पनि दिनुभयो ।"

यो सुनेर राक्षसले मनमनै भन्यो,"काम अह्राएको मैले, ज्याला दिनुभयो ससुराले । समाचार सुन्नेले त ज्याला दिई पठायो भने म काम अह्राउनेले केही नदिनु त....?" राक्षसले पनि ज्याला दिने मनसुवा गऱ्यो । त्यहाँ जङ्गलमा पनि अघिअघिका महाजनहरूले गाडिराखेको बेवारिस धन रहेछ । त्यही धन दिने विचार गरेर राक्षसले भन्यो, म पनि तिमीलाई गाडिरहेको बेवारिस धन दिन्छु । झिकेर लैजानु ।" यति भनी राक्षसले धन गाडिराखेको ठाउँ देखाइदियो ।

ब्राह्मणी सरासर राजाकहाँ गइन् । राजाको सन्मुख उभिएर बिन्ति गरिन् -"महाराज ! सरकारको आज्ञा अनुसार भोको छट्पटि रहेको चोरलाई भात ख्वाएर आइसकें ।"राजाले खुसी भएर तिनलाई एकहजार कार्षापण (रूपैयाँ) दिए । ब्राह्मणीले फेरि बिन्ती गरिन् -"महाराज ! म दु:खीलाई एकहजार कार्षापण बक्सेकोले धेर खुसी छु । एक थोक अर्को पनि बिन्ती चढाउने इच्छा छ ।" राजाबाट हुकुम भयो, "के इच्छा छ, भन ।" ब्राह्मणीले देवता र राक्षसले ज्याला



Downloaded from http://dhamma.digital

दिएको धन लिन जानलाई बलिया बलिया २०, २५ जना मानिसहरू र खन्ने सामानहरू मागिन् । राजाले तिनको माग पूरा गरिदिए ।

धन ल्याइसकेपछि ब्राह्मणीले फेरि राजाकहाँ गएर बिन्ती गरिन्-"महाराज ! धन धेरै छ । राख्ने ठाउँ भएन । घर बनाउन एक टुक्रा जमीन पाउँ ।"

एकजना नि:सन्तान महाजनको घरको भग्नावशेष थियो । त्यसको कोही वारेस नभएकोले त्यो भग्नावशेष सिस्नुकघारी भइर हेको थियो । त्यो घडेरिमा घर बनाउनु भनी राजाबाट हुकुम भयो ।

ब्राह्मणीले त्यहाँ राम्रो घर बनाउने उद्देश्यले जग खन्न लगाउँद्दा त्यहाँ पनि गाडिराखेको धन फेला पऱ्यो । ब्राह्मणीलाई ढुङ्गा खोज्दा देउता मिलेको जस्तो भयो । दीनहीन गरिब भएकोले अघाएर मिल्काउने केही चीज थिएन । यसैले कागसम्म पनि तिनीहरूको घरमा जाँदैनथ्यो । यसै कारणले मानिसहरू तिनीहरूलाई काकोन भन्थे । "काकोन" यो पाली शब्द हो । यसको अर्थ हो कागसम्म पनि जाँदैन । अहिले महाजन पदवी लिइसकेपछि पनि तिनीहरूले आफ्नो अगाडिको नाम लोप गरेन । उही काकोन नामले प्रसिद्धमहाजन बने ।

शुद्ध मनले धर्म गऱ्यो भने नभएको भाग्य पनि पलाएर आउँछ भनी काकोन ब्राह्मण दम्पतिले आफ्नै अनुभवले जाने । त्यसैले त्यो महाजनले गरीब दु:खीहरूको यथासक्य उपकार गरे, सहायता गरे । शुद्ध मनले दान धर्म गरे । उनीहरू मरेर गए । तापनि तिनीहरूको नाम रहिरहेको छ ।

सत्पात्रमा दान दिएर उत्साहपूर्वक काम गरेमा भाग्योदय हुन्छ भन्ने यो कथा को कथन हामीले बुझ्नु परेको छ ।



Downloaded from http://dhamma.digital

# रक्सीबाज लोग्ने सुधिएको स्वास्नीले गर्दा

(स्वार्थ नभएको व्यक्ति शायदै होला । बहुसंख्यामा आफ्नो निजी स्वार्थको लागि अनुचित काम गर्न लाज नमान्ने मानिसहरू छन् । यस्तै स्वार्थको ज्यादतिले मानिसलाई दुर्जन बनाउँछ । मानवताको हत्या हुन्छ । चारैतिर मत्स्य नितीको बोलबाला देखाउनु यसैको कारण हो । कोही मानिस आफू सुधिनुको साथै अरूलाई पनि सुधार गर्न चाहन्छन् । लाभहानी मान अपमानको पर्वाह गर्दैन । यस्तै सज्जनको चरित्र चित्रण भएको छ ।- अनुवादक)

एकजना साहुको एउटी छोरी थिइन् । तिनलाई सुशिक्षा दिनुको साथै व्यवहारिक शिक्षा पनि दिएर तालीम गरी हुर्काया । त्यो महाजन बुद्धधर्म मात्र मान्ने होइन कि बराबर विहारमा गएर भिक्षुहरूबाट धर्मकथाहरू पनि सन्ने गर्दथे । महाजनको विचार थियो - आफू मात्र सुधेर पुग्दैन, अरूलाई पनि सुधार गर्न सक्नुपर्छ ।

साहुकी छोरी जति राम्री थिइन्- उति हिसि पनि परेकी थिइन् । शिक्षित, राम्रो चालचलन भएकी तिनी अति नम्र स्वभावकी थिइन् । यसैले तिनलाई ठूला ठूला घरानका कुलपुत्रहरूले माग्न आउँथे । बाबुआमाको यस्तो विचार थियो - छोरीलाई धेरै धन खर्च गरेर पढायौं, तालिम गऱ्यौं, ज्ञानी तुल्यायौं । ज्ञानीलाई ज्ञानीसंग विवाह गरिदिए ज्ञानको मूल्याङ्कन हुँदैन, उज्यालो ठाउँमा बत्तीको कदर नभए झैं । बाबुआमाले कझाउन नसकेको कोही मुल्याहालाई कझाउन सके मात्र छोरीको ज्ञानको मुल्य हुन्छ । छोरीलाई मुल्याहासंग विवाह गरिदिनुपर्छ ।



Downloaded from http://dhamma.digital

एकदिन साहुले बाबुआमाले कभ्काउन नसकेको तीनजना मुल्याहाहरू खोजेर ल्याए ।

(१) एउटा फटाहा (कहिल्यै साँचो नबोल्ने)

(२) रण्डीबाज (राम्रा राम्रा तरूनी मात्र खोजी हिंड्ने) ।

(३) एउटा रक्सीबाज (सधैं भट्टीमा गएर भल्ला भएर आउने )

यी तीनजना मुल्याहाहरूको अगाडि छोरीलाई बोलाएर साहुले भने,"छोरी ! तिमीलाई चाहिंदो धन खर्च गरेर शिक्षा, दिक्षा, अर्ति उपदेश दिएर शिक्षित र ज्ञानी तुल्यायौं यो हाम्रो पहिलो कर्तव्य थियो, जस्तो हामीले चाहेको थियौं, उस्तै भयो । हामीलाई खुसी लागेको छ । अब तिमीप्रति हामीले गर्नुपर्ने अर्को कर्तव्य छ । यो आमाबाबुले छोराछोरी प्रति गर्नुपर्ने दोस्रो कर्तव्य हो । तिमी तरुनी भयौ । तिम्रो विवाह गरिदिनुपर्छ । विवाह गरिदिएपछि लोग्नेसंग मिलजुल भएर बस्नु, सिर्फ यतिले तिमीलाई दिइराखेको शिक्षाको सार हुँदैन । बाबुआमाले कभ्काउन नसकेको एउटा मुल्याहालाई कभ्काउन सके मात्र तिमीले हासिल गरेको शिक्षाको महत्व हुन्छ । यो हाम्रो मनसाय हो । यी तीनजना मुल्याहाहरूमध्ये कसलाई तिमी मनपराउँछौ ? कसलाई तिम्रो कभ्काउने आँट आउँछ ।"

फिसिक्क हाँसेर साहुकी छोरी त्यहाँबाट निस्केर आफ्नो कोठामा गइन् । साहुनीले छोरीलाई तीनजना मुल्याहाहरूको परिचय दिइन् । महाजनकन्याले विचार गरिन्- "फताहालाई कभ्काउन धेरै गाह्रो पर्छ । उसले कहिले पनि मैले गरेकोलाई गरें, भन्दैन । नगरेकोलाई गरें, न भनेकोलाई भनें भन्नु उसको आदत हो । सत्य कुरामा उसको ध्यानै जाँदैन । मानिस दुई प्रकारका हुन्छन् ।



Downloaded from http://dhamma.digital

(१) नराम्रो काम गरेकोलाई मैले नराम्रो काम गरें भन्ने ।
(२) आफूले नराम्रो काम गरेर पनि गरेको छैन भन्ने । यी दुइमध्ये नराम्रो काम गरेर पनि गरेको छैन भन्ने बडो डरलाग्दो हुन्छ । उसको कुराको केही ठेगान हुँदैन । यस्तो व्यक्तिलाई बेइमान व्यक्ति भन्छन् । यस्तोलाई सत्मार्गमा हिंडाउन गाह्रो हुन्छ ।

"रण्डीबाजसंग सच्चा प्रेम हुँदैन किनकी उसलाई एउटी स्वास्नी पुग्दैन ।" महाजनकन्याले मनमनै भनिन्, "जतिसुकै प्रेम गरेर पनि ऊ सन्तुष्ट हुँदैन । जहिले पनि ऊ नयाँ नयाँ स्वास्नीको खोजीमा लागि रहन्छ । राम्रो कुरा गरे पनि उसले उल्टो सम्झन्छ । खँदिलो प्रेम नभएको व्यक्तिलाई सम्झाउन मुश्किल हुन्छ ।"

रक्सीबाज आज रक्सी खाएर बेहोश भए पनि रक्सीको नशा छुटेपछि माया गरेर, प्रेमले बाँधेर बिस्तारै कभ्फाउन सकिएला । यस्तो विचार गरेर महाजनकन्याले आमालाई भनिन्, "मलाई रक्सीबाजसंग विवाह गरिदिनुहोस् ।"

छोरीको कुरा सुनेर बाबुआमा दुबै खुसी भए । बाबुआमाले कभ्फाउन नसकेको रक्सीबाजसंग छोरीको विवाह गरिदिए ।

विवाह भइसकेपछि पनि त्यो रक्सीबाजले साथीहरूसंग भट्टीमा गएर रक्सी खाने बानी छोडेन । खाएर आएपछि बाटो सबै मेरो हो भन्दै भल्ला भएर आउँथ्यो । त्यस्ती प्यारी स्वास्नी पनि बिर्सिन्थ्यो । न इज्जत, न शर्म धर्म कुनै कुराको पनि पर्वाह हुँदैनथ्यो । कहिलेकाहिं कुलोको हलोमा पनि लम्पसार परेर सुतिरहन्थ्यो । एक दुइ महिना यस्तै भइरहयो ।

एकदिन रक्सी खानुअघि होश छँदैमा दूईजना लोग्ने स्वास्नी मीठो मीठो कुरा गरेर आनन्दसंग बसिरहेका थिए । स्वास्नीले लोग्नेको



Downloaded from http://dhamma.digital

स्वभाव र चाल - चलनको राम्रो अध्ययन गरिन् । तिनले खूब माया गरेर लोग्नेलाई प्रेम गरिन् । लोग्ने पनि आफूलाई राम्रोसंग प्रेम गर्‍यो भनी स्वास्नीले बुझिन् । तर लोग्नेले रक्सी खाने बानी छोडेको होइन । रक्सीले चूर भएर आउने गर्थ्यो ।

एक दिन महाजन पुत्री रक्सी लागेको लोग्नेलाई रूमाल भिजाउँदै तालुमा राख्दै सेवा गरिरहेकी थिइन् । रक्सीले छोडेपछि लोग्ने चाहिं होशमा आयो । स्वास्नी आफूसंगै बसिरहेको देख्यो । हाँस्दै स्वास्नीको हात समातेर कुरा गर्न लाग्यो । स्वास्नी चाहिँ अँध्यारो मुखले बसिरहिन् । लोग्नेले भन्यो ,"किन यस्तो अँध्यारो मुखले...?"

"कसरी उज्यालो हुन्छ, यो मुख ?"

"किन ?"

"किन भनुँ ।"

"भन न, के भयो तिमीलाई ?"

"के भयो भनुँ  सबैले हेला गर्छन् ।"

"किन ?"

"पढेलेखेकी, लक्ष्मी जस्ती बुहारी पर्‍यो भनेर खुसी लागेको त आफ्नो लोग्ने पनि कफाउन नसकेकी रे । साँच्चै पढेलेखेकी  हो भने भट्टीमा गएर दिनहुँ झल्ला भएर आउने लोग्नेलाई कफाउन सक्नुपर्छ । दिनहुँ यस्तो कुरा सुनेर यहाँ बसिरहन मन लागेन । तैपनि तपाईको मायाले....।"लोग्नेको हात सुम्सुम्याउँदै सुँक्सुँक गरिन् ।

लोग्नेको मन पग्ल्यो प्रेमपूर्वक स्वास्नीको हात समाउँदै सोध्यो , "तिमी के भन्छ्यौ त ?"

"मेरो विन्ती लागोस् । दिन दिनै खानुको सट्टा एकदिन बिराएर खाने गर्नुहोस् । है ? त्यसै गर्नुहोस् है अबदेखि ! अलिकति भए



Downloaded from http://dhamma.digital

पनि मेरो शिर ठाडो हुन्छ । अब त अलिकति सुधियो भन्ला । मेरो राजा ! अबदेखि एकदिन बिराएर पिउने गर्नुहोस् । लागि सकेको बानी एकैचोटी छोड्न गाऱ्हो हुन्छ । अबदेखि यस्तै गर्नुहोस् । है ? है भने ? हुन्छ भन्नुहोस् न ।"

स्वास्नीको मायालु बोली र करूणाजनक अनुहारले रक्सीबाज लोग्नेको मन पग्ल्यो । घरका जहानहरूले स्वास्नीलाई हेला गरेको कुरा सुन्दा चित्त पनि दुख्यो । रक्सी खाँदै नखाउ, भट्टीमा जाँदै नजाउ भनेको पनि होइन । दिनदिनै नजानु , अचाक्लि मात्र नगर्नु भनेको स्वास्नीको कुरा मनासिव पनि देखियो । स्वास्नीले राम्रो कुरा गरेको हो भन्ने सम्झी एक- एक दिन बिराएर मात्र भट्टीमा जाने गऱ्यो । साथीहरुले बोलाउन आए पनि सन्चो छैन भनी पठाउने भयो । यसरी दुइ दिनको एकचोटी मात्र भट्टीमा जाने भएकोले साथीहरू टाढा हुँदै गयो । बिस्तार बिस्तारै तीन चार दिनमा एकपटक पनि भट्टीमा नजाने भयो । तापनि सक्सक् लाग्ने भएकोले पिउने बानी छोड्न सकेको थिएन । रक्सी संझेर झोक्कि रहन्थ्यो । जबरजस्ति आमाको दूध छुटाएको बच्चा झैं, प्रेमीकासंग विछोड भएको प्रेमी झैं । लोग्नेको हालत देखेर माहजनपुत्रीलाई कहिले हाँसो उठ्थ्यो, कहिले माया लाग्थ्यो । उनी भन्दथिन्, "अब त तपाई दुइ दिनमा एक्पल्ट पनि भट्टीमा जानु भएन ।"

"तिमीले नजाउ भनेकीले नगएको । साथीहरू पनि टाढा हुँदै गयो । रक्सी खान नपाएकोले बेमज्जा भइरहेको छ । सक्सक् लाग्छ ।"

"उसो भए रक्सी मैले ल्याइदिन्छु । तपाई भट्टीमा नजानुहोस् घरमै खानुहोस् । हुँदैन ?"



Downloaded from http://dhamma.digital

"भैहाल्छ नि । नगइरहुँला भट्टीमा । घरैमा खान पाएपछि किन भट्टीमा गइरहने ?"

महाजनपुत्रीको हर्षको सीमाना रहेन । लोग्नेलाई ज्यादै सक्सक् लाग्ने बेला लोग्नेलाई आफैले भट्टीमा गएर रक्सी ल्याइदिने गरिन् ।

एकदिनको कुरा, भट्टीमा रक्सी लिन जाँदा स्वास्नीलाई रूँदै आएको देखेर लोग्नेलाई के जस्तो के जस्तो भयो । उनले सोध्यो, "किन रोएर आएकी ?" "खानुहोस् अनि भनुँला ।" भन्दै सिसी अगाडि राखिदिइन् ।

"एकातिर राख, यो सिसी । भन पहिले, किन रोएर आयौ तिमी ?"

"खानुहोस्न खानेकुरा, अनि भनुँला ।"

"नाइँ, कुरा नबुझिकन खान्न ।"

"भट्टीभरि हुल्याहा मुल्याहाहरू बसिरहेका रहेछन् मलाई देखेर के के भनेर गिज्याएको, कस्तो कस्तो आँखाले हेरेर । मेरो जिन्दगीमा कहिल्यै त्यस्तो भनाई सहन परेको थिएन । लोग्ने मानिसहरूले त्यस्तो भनेको त्यस्तो हेला गरेकोले मरेतुल्य हुनुपऱ्यो । लोग्नेलाई रक्सी नभैहुन्न । त्यसैले भट्टीमा रक्सी किन्न जान पऱ्यो । हुल्याहा मुल्याहाहरूले जथावा तथवा भनेको सहनु पऱ्यो भनेर रूँदै आएकी ।

आफ्नी स्वास्नीलाई अरूअरूले हेला गरेको, कुदृष्टिले हेरेको कुरा सुन्दा लोग्नेको मनमा ठूलो चोट पऱ्यो । हो, ठीक हो । मैले गरेर नै स्वास्नीले रुँदै आउनु पऱ्यो । रक्सीले गर्दा इज्जतको बर्बाद भयो । अर्काको अपमान सहनुपऱ्यो । जिन्दगीभर म रक्सी खानेछैन भन्दै सिसी चकनाचूर पारिदियो । त्यसै दिनदेखि उनी सज्जन बने ।



Downloaded from http://dhamma.digital

सासु ससुराले मुग्धकण्ठले बुहारीको प्रशंसा गरे-"धन्य यी बुहारी ! लक्ष्मी समान छिन् यिनी ।"

यो खबर माइतीमा पनि पुग्यो । छोरीलाई पढाएको रक्सी बाजसंग विवाह गरिदिएको उद्देश्य सफल भयो भन्दै बाबुआमाले सन्तोषको सास फेरे । तिनीहरूले भने,"विहारमा गएर भिक्षुहरूको कथा सुन्ने गरेको, भगवान बुद्धको उपदेश व्यवहारमा प्रयोग गरेको सार भयो ।"

छिमेकीहरूको मुखबाट पनि यही शब्द निस्क्यो-"धन्य त्यो साहु ! त्यत्रो माहजन भएर पनि आफ्नी छोरीलाई त्यस्तो रक्सीबाजसंग विवाह गरिदियो, दुनियाँको भनाई खाएर । धन्य ती साहुकी छोरी," त्यस्तो लोग्नेलाई पनि सज्जन बनाई छोडिन् । लक्ष्मी भन्नु त्यस्तीलाई हो । तिनी साँच्चै धर्मात्मा बाबुकी छोरी हुन् ।

◇◇◇



Downloaded from http://dhamma.digital

# नकुल पिताको रोग निवारण (स्वास्नीले गर्दा)

एकदिन भगवान् बुद्ध संसुमारगिरि नामक नगरको नगीचै एउटा टोलमा बसिरहनु भएको थियो। भर्खरै रोगबाट छुटेको नकुलपिता नामक एक उपासक लौरो टेक्दै सकी नसकी गौतम बुद्धकहाँ गयो। वहाँ पुगेर भगवान् बुद्धलाई वन्दना गरेर एक छेऊमा बस्यो।

बुद्धले सोध्नुभयो- "अब त आराम भयो, उपासक ? नकुलपिताले भन्यो-"भन्ते ! आराम त भयो। तर बलियो भएको छैन।"

बुद्धले भन्नुभयो,"बल नभइकन सकी नसकी किन आएको त ?" नकुलपिता-"भन्ते ! हजुरकी उपासिका, मेरी गृहलक्ष्मीले हजुरको उपदेशनुसार मैत्री चित्तले मनै हलुका हुने गरी शीतल प्रिय वचनले टहल सेवा गरेकीले मेरो ज्यान बच्यो। वैद्यले निराश भएर हात खुट्टा छोडिसकेको मलाई। यो कुरा यहाँ विदीत गर्न साह्रै उत्सुक भएकोले सकी नसकीकन आँए, भन्ते ! बुद्धले भन्नुभो" "उपासक ! तपाईकी गृहलक्ष्मीले कसरी सेवा गरिन् तपाईको ?"

नकुलपिता -"भन्ते ! मलाई रोगले साह्रै चाप्यो। शरीरको रगत मासु सुके। शरीर दुर्बल हुँदा मन पनि कमजोर भयो। बाँच्ने आशा रहेन। मनको शान्ति हरायो। अनेक अनावश्यक पीर, चिन्ता र कल्पनाहरू बढे। ठूला ठूला वैद्यहरू बोलाइए। असल बहुमुल्य औषधीहरू ख्वाए। तर औषधीले मलाई छोएन। अनि वैद्यहरूले रोग निको हुँदैन, आशा नगरे पनि भयो भनेर छोडेर गए। यो कुरा सुनेदेखिन् मेरो शिर झुक्यो। मन खल्लो भयो। बाँच्ने आशा छैन भनेर



Downloaded from http://dhamma.digital

निराश भएँ। म मरेपछि यो घरमा के होला ? नाना प्रकारका यस्ता अनावश्यक पीरले सतायो। फलस्वरुप झन् झन् रोग बढ्यो। तर म त्यस्तरी सिकिष्ट भएर पनि हजुरको उपासिका कति निराश भईन। मन बलियो पारेर धैर्यपूर्वक झन् राम्रोसँग सेवा गरिन्, वैद्यले बाँच्दैन भनेको भनेर निराश भएर टहल सेवामाथि कति फरक गरेन। मलाई भरोसा दिएर, मन हलुका हुने कुरा गरेर मन जितिरहिन्, तर मेरो मुख उज्यालो भएन। अनि गृहलक्ष्मीले नजिकैआएर मेरो कपालमा हात राखेर सोधिन्।

"स्वामी ! केही पीर लिनु भयो की ? किन मुख अँध्यारो पारेको ? हामीलाई बुद्धले यस्तो उपदेश दिनु भएको होइन ? हामी सबैले एकदिन मर्नुपर्छ। मनमा कुनै प्रकारको धन्दा सुर्ता तथा चिन्ता राखेर प्राण छोड्नु हुँदैन। तपाईको मनमा यस्तो पीर पो भयो कि-म मर्ने भएँ। म नभएपछि घर बिग्रिन्छ। केटाकेटीहरूको राम्रो पालनपोषण हुँदैन। यस बिषयमा तपाईले कति धन्दा मान्नु पर्दैन। कपासको धागो काट्ने र अरू काम पनि मैले जानेकी छु। ती काम गरेर तपाई नभए पनि बालबच्चाको पालनपोषण गरी घर थामेर बस्ने छु। तपाईले किन पीर मान्नु भएको ? रोग हुँदा यसरी पीर मान्नु हँदैन। कुनै कुरामा पनि आशक्त भएर मर्नुहुँदैन मन हलुका गरेर बस्नुहोस्।

यति कुरा सुनेपछि मेरो मन केही हलुका भयो। मुख पनि अलि हलुका भयो होला। फेरी अर्को कुरा सम्झेर पीर पऱ्यो, चिन्ताग्रस्त भयो। अनि मेरो मुख अँध्यारो भयो होला। फेरी हजुरकी उपासिका ले सोधिन्-"भो स्वामी ! फेरि पीर लिनुभयो कि ? म मरेपछि यिनी अर्काकी घरमा जान्छे। तपाईले यस्तो कुरा मनमा लिनुभयो



Downloaded from http://dhamma.digital

कि ? यस्तो मनमा राख्नु हुँदैन । तपाईले मेरो बानी रामैसँग थाहा छ । मैले पनि तपाईको बानी रामैसँग थाहा छ । हाम्रो विवाह भएको यतिका वर्ष भैसक्यो । आजसम्म हाम्रो सत्य चर्याशील नष्ट भएको छैन । हामी मध्ये कसैबाट पनि आज सम्म झगडा गर्नुगर्ने काम भएको छैन । यस बारेमा तपाईले कति पीर नमान्नुहोस् । यसरी अस्वस्थ्य भइरहँदा त्यस्तो अनावश्यक कल्पना गरेर चिन्तित भएर मर्नुलाई बुद्धले प्रशंसा गर्नु भएको छैन । धैर्य गर्नुहोस् । मन बलियो पार्नुहोस् धन्दा लिनु पर्दैन । मेरो गृहलक्ष्मीको सत्यवचन प्रेमपूर्ण ममताले भरिएको कुरा सुनेर मन हलुका भयो । शरीर पनि हलुका भयो । अनि मुख उज्यालो हुनु पनि स्वभाविकै हो । तर एकछिन पछि फेरि मलाई अर्को पीर पर्‍यो । धन्दा भयो । अनि शरीर पनि गह्रौ भयो । मेरो मुखमा मलीनता आयो होला हजूरकी उपासिकाले फेरी सोधिन् -

"किन स्वामी ! फेरी मुख अँध्यारो भयो ? तपाईले यस्तो मनमा लिनुभयो कि - म मरेपछि यिनले गौतम बुद्ध कहाँ गएर कथा सुनेर, भिक्षुसंघलाई वन्दना गरेर मानमर्यादा राखेर आदर सत्कार गर्दैन होला । यस्तो पनि तपाईले नठान्नु होला । धन्दा नलिनुहोला । तपाई स्वर्गबास हुनु भयो भने यताउती हिडिंरहनु पर्ने गृहस्थीको काम छोड्ने छु । अनि अहिले भन्दा पनि बढि म विहारमा जान सक्नेछु । भगवान् बुद्धको दर्शन गर्न सक्नेछु । बुद्धको उपदेशामृत पान गरेर धर्म अनुसार जीवन यापन गर्नेछु तपाईले अनावश्यक पीर लिएर चिन्ताग्रस्त मनले मर्ने विचार नगर्नूहोला । यसरी गह्रौं दिलले मर्नुलाई बुद्धले प्रशंसा गर्नुहुन्न भन्ने तपाईलाई थाहा छ । मर्ने बेलामा मन कुनै कुरामा पनि अल्भाउनु हुँदैन ।" हजुरकी उपासिकाको यस्तो सत्यवचन रूपी औषधीले केही बेर शरीर हलुका भयो ।



Downloaded from http://dhamma.digital

तर फेरि अर्को कल्पनाले दिल गह्रौं भयो । मुख पनि अँध्यारो भयो होला, हजुरकी उपासिकाले फेरि सोधिन्- "भो स्वामी ! फेरि तपाईले यस्तो पनि ठान्नु भयो कि ? म मरेपछि यिनले शीलपालन गर्नेछैन । यस्तो कुरा मनमा लिनु अयोग्य छ । गौतम बुद्धका जति पनि शीलवान् श्राविकाहरू छन्, म पनि तिनीहरूमा एक हुँ । यस बारेमा तपाईले धन्दा मान्नु पर्दैन । तपाईलाई विश्वास नभए जस्तो लागे भगवान् बुद्ध यही सुंसुमारगिरिको मृगदानवनमा बसिरहनु भएको छ । चाँडै नै स्वस्थ भएर बुद्धकहाँ गएर सोध्नुहोस् । तपाईले यस कुरामा चिन्ता नगर्नुहोस् । चिन्ताग्रस्त मृत्युलाई बुद्धले प्रशंसा गर्नु भएको छैन ।"

हजुरकी उपासिकाले यसरी भरोसा दिदां मलाई रोगबाट मुक्ति भएको जस्तो लाग्यो ।

फेरि एकछिन पछि प्रमादवश म कल्पना सागरमा डुबियो, मेरो मुखमा हेरेर गृहलक्ष्मीले भनिन्-

"भो स्वामी ! फेरि के धन्दाले मुख मलिन भयो ? तपाईले यस्तो मनमा लिनु भयो कि- यो स्त्री आध्यात्मिक (चित्त) शान्ति लाभ गरेर बस्न जानेको छैन । तपाईले यस्तो पनि विचार गर्नु हुँदैन । तपाईलाई थाहा छैन र ? भगवान् बुद्धका जति पनि शुद्धजीवि उपासिकाहरू छन्, आध्यात्मिक शान्ति लाभ गरेर समाधि बलियो तुल्याई बसिरहेका छन्, तिनीहरू मध्ये म पनि एक हुँ । पत्या नलागेको भए चाँडै स्वस्थ भई बुद्धकहाँ सोध्न जानुहोस् । पीर नलिनुहोस् ।"

के के कल्पनाले मेरो मुख फेरि अँध्यारो भयो । मेरी गृहलक्ष्मीले फेरि सोधिन्-"भो स्वामी ! तपाईलाई यस्तो पनि धन्दा भयो कि यो



Downloaded from http://dhamma.digital

नारीले त्रिपिटकको कुरा केही बुझेको छैन । आफ्नो भरोसा आफैं हुन् भनी जानेकी छैन । यस्तो कल्पना गरेर अनावश्यक पीर लिइरहनु ठीक छैन । तपाईलाई थाहै छ, भगवान् बुद्धका जति पनि शुद्धजीवि धर्म र विनय राम्रोसँग बुझेका उपासिकाहरू छन्, उनीहरू मध्ये म पनि एक हुँ. पत्यार नलागेको भए यहाँ नजीकै संसुमारगिरिको (मृगदानवनमा) भगवान् बुद्ध विराजित हुनु भएको छ । चाँडै स्वास्थ्य लाभ गरेर, बुद्धकहाँ जानुहोस् । चिन्तामय जीवनलाई बुद्धले प्रशंसा गर्नु भएको छैन ।"

"यसरी हजुरकी उपासिकाको प्रेमपूर्ण सत्य वचन सुनेर तन र मन दुवै हलुका भयो । वैद्यहरूको असल असल औषधीहरूले मलाई छोएन । हजुरकी उपासिकाको सत्यवचन औषधिले मेरो रोग निको भयो । हजुरलाई यो कुरा भन्न उत्सुक भएको ले शरीरमा बल नभए पनि लट्ठी टेकेर हजुरको दर्शन गर्न आएको ।"

भगवान् बुद्धले भन्नु भयो-"नकुलपिता उपासक ! तपाई भाग्यमानी पुरूष हुनुहुन्छ । तपाईको पुण्य बलियो छ । नकुलमाता उपासिका जस्ती लक्षणले युक्त भएकी, दया र करूणाले सम्पन्न, आफ्नो पतिको हितसुखको लागि चाहेजति प्रयत्न गर्न सेकेकी, ज्ञानी, आज्ञाकारी, ईमान्दारी पत्नी पाउनु भएको छ । यस्ती गुणवती, शीलवती ज्ञानी पत्नीको सहबासमा जीवन यापन गर्न पाउनु कम पुण्यको फल होइन । तपाईलाई कुनै कुराको पनि धन्दा छैन । तपाईका नकुलमाता साँच्चै नै राम्रो शील स्वभावकी, धर्मको तथ्य बुझेकी आध्यात्मिक शान्तिको लागि समाधि बलियो भएकी, भित्री



Downloaded from http://dhamma.digital

दिलदेखि नै मैत्री चित्त भएकी साँच्चैकी गृहलक्ष्मी हुन् । अत्युत्तम नारीरत्न पाउनु भएकोमा सन्तोष हुनुहोस् ।"

भगवान् बुद्धबाट आफनो पत्नीको प्रशंसा सुनेर नकुल पिता खुसी हुँदै घर गए ।

✧✧✧



Downloaded from http://dhamma.digital

# घर-कलह शान्ति (एक महिलाद्वारा)

एक समयको कुरो हो । एउटा महाजन थियो । धर्म भन्ने कुन तत्व हो, त्यसलाई थाहा थिएन । उनमा धनको घमण्ड थियो । उनी निकै माथि पुगेका थिए । महाजनपनाले गर्दा समाजमा उनको हेलमेल थिएन । उसको चाकरी गर्न आउनेलाई मात्र उनी मद्दत गर्थे ।

हाम्रो यहाँ श्रावणमासमा कथा पुराण भन्ने चलन भए झैं त्यो महाजनको टोलमा पनि श्रावण महिनामा भिक्षुहरुद्वारा बुद्धपूजा आदि बुद्धधर्मको प्रचार गर्ने काम सुरु भयो । त्यो टोलमा प्रायः सबै जना कथा सुन्न गए । त्यो साहुकी जहान, साहुनीको पनि सुन्न जाने बानी बस्यो । साहुनीले आफूले सुनेर आएको कथा घरमा आएर आफनो लोग्ने र छोरीलाई पनि सुनाउने गरिन् । साहुनी भिक्षुहरूका धर्म-देशनाबाट पनि निकै प्रभावित भइन् । तिनले साहुलाई भनिन् - "एक दिन पनि फुर्सत नलिइकन मात्रै के गर्ने । धेरै घर, धेरै सम्पत्ति के केलाई । चिन्तामात्र बढ्ने । अलि अलि त्याग पनि गर्न सक्नुपर्छ । धर्मकर्म पनि गर्न सक्नुपर्छ ।

साहुको मनमा पर्‍यो - भिक्षुहरूकहाँ कथा सुन्न गई । अब खर्च गर्ने कुरा गरी । अघि अघि एकजोर साधारण लुगा मात्र लाएर धन जम्मा गर्नुपर्छ भन्नेले अहिले कस्तो कुरा गरेकी । त्याग गर्नु गर्ने त हो । छोराहरूलाई पढाउनुपर्छ । पछि दाजुभाइ झगडा गर्न नपर्ने गरी उनीहरूलाई सबै कुराको बन्दोबस्त गर्न सक्नुपर्छ ।

एकदिन साहुलाई घरायसी तन्ताले दिक्क लाग्यो । मन बहलाउन भनी विहारमा कथा सुन्न गयो । शंका लागेको कुरामा



Downloaded from http://dhamma.digital

छलफल गऱ्यो । कथामा कस्तो कुरा निस्क्यो भने कमाउनु पनि पर्छ । मिहेनत पनि गर्नुपर्छ । तर कमाएको धनको सदुपयोग गर्न जानेन भने दु:ख हुन सक्छ । परिवारमा झगडा हुन सक्छ । अनि धन भएर पनि मनमा शान्ति हुँदैन ।

यसरी कथा सुनेपछि साहुको मनमा धर्म चेतना आयो । स्वभाव परिर्वतन भयो । धार्मिक क्रियाकलापमा त्यागको भावना आयो । चन्दा दिएर, आवश्यक सरसामान प्रदान गरेर मद्दत गर्ने भयो । साहुको स्वभावमा धेरै परिर्वतन आयो । साहुको स्वभाव राम्रो भएको देखेर टोलका मानिसहरूलाई पनि खुसी लाग्यो । अघि जस्तै खुसामद गर्न आउनेलाई मात्र मद्दत गर्ने होइन कि आफ्नै मनले देखेर आफै अघि सरेर दीन दु:खीहरूलाई मद्दत गर्ने भयो । धर्म केलाई भन्दछन् ! राम्रोसंग बुझे । घरका सबैजना धर्मावलम्बी भए । बुद्ध पूजामा भाग लिन जाने भए ।

क्रमश: एउटी छोरी विवाह योग्य उमेरको भई विवाह गरि दिने निश्चय भयो । आमाबाबु दुबैले छोरीलाई बोलाएर भने,"तिमी हाम्रो प्यारी हौ । अब तिमी दुलही हुन लागिरहेछौ । हामी विहारमा गएर कथा सुन्ने गरेका, बुद्धधर्मावलम्बी भनेर सबैलाई थाहा छ । तिमी चारजना दाजुभाई भएको घरमा पर्ने भयौ । धेरै दाजुभाई भएको घरमा झगडा हुन सक्छ । सासु र बुहारीहरूको बीचमा, नन्द र भाउज्यूको बीचमा, ज्येठानी देवरानीहरूको बीचमा झगडा भई रहन सक्छ । तिमीले त्यो घरमा गएर कलह शान्ति गरिदिनु । तिमीले यो बुझ्न कोसिस गर, झगडा भयो, किन झगडा भयो ? कलहको कारण देखेर त्यसको जरै उखेल्ने प्रयास गर । अलिकति सहनु पर्ला । दु:ख भोग्नु पर्ला सासु ससुरा, देवर देवरानी, ज्येठाज्यू ज्येठानी भएको घरमा माइतीमा जस्तो हुँदैन ।"



Downloaded from http://dhamma.digital

छोरीले बाबुआमाको आज्ञापालन गर्ने प्रतिज्ञा गरिन् । यथासमयमा विवाह भयो । पतिघरमा प्रवेश गरेदेखि नै साहुकी छोरीले चालचलन अध्ययन गर्न लागिन् । एक दुई महिनासम्म त घरको वातावरण शान्तै थियो । बिस्तारै त्यो घरमा दन्तबजान सुनिंदै आयो । एकातिर सासु र नन्द अर्को तिर बुहारीहरू, सासु हुनेले आफ्नी छोरीलाई सकेसम्म ऐश आराममा राख्न खोज्दथिन् । बुहारीहरूलाई कमारी भैँ काममा जोत्दथिन् । पछिबाट बुहारीहरूमा पनि भगडा हुन थाल्यो । कारण के भने ठूलो जहान भएकोले चुलो धन्दा गर्न त्यो घरमा गाह्रो थियो । यसैले बुहारीहरूमा चुलो धन्दा गर्ने पालो बाँधेको थियो ।

आफ्नो भात पकाउने पालोमा माइती जाने, कतिको बाठी मेरो पनि माइती छ । मलाई जान मन लाग्दैन आफ्नो माइतीमा ? भाँडा माझ्ने डुंङ्गुर छ । बच्चा सुताउने निहुँले कोठामा गएर मज्जासंग सुत्ने । अहिले हो ! बच्चा रोएको । छोरालाई दूध ख्वाउँ कि तिहुन तरकारी हेरूँ लुगा धोयो, आफनो मात्रै सुकिलो । अर्काकोमा त साबुनै नलाएको जस्तो । यस्तै त्यो घरमा सधैं ।

नयाँ दुलही सबैभन्दा कान्छी, बोलीमा नम्रता, जाँगरता थियो तिनको ।

"बच्चा रोइरहेछ । बच्चालाई दूध ख्वाउन जानुहोस् । चुलोमा म हेर्छु ।"

तिमी नयाँ दुलही । तिम्रो पनि पालो आउँछ भात पकाउने ।

"हो, त्यो मलाई पनि थाहा छ । अहिलेदेखि अभ्यास गरे आफ्नो पालामा राम्रोसंग भात पकाउन सकिन्छ । मलाई सिकाइ दिनुहोस्, स्वादिष्ट तिहुन तरकारीहरू पकाउने ।"



Downloaded from http://dhamma.digital

भाउज्यू चाहिंको मनमा पऱ्यो - अरूहरूकाम गर्नु पर्ला भनेर टाउको दुख्यो, पेट दुख्यो भनेर माइती जान्छन् । यिनी नगर भने पनि काम गर्न आइरहन्छे । कस्तो ज्ञानी छ यो दुलही माइती जानपरे जानुहोस् भाउज्यू भात म पकाई दिन्छु भन्छे ।

नयाँ दुलहीको चालचलन देख्दा सासु चाहिं पनि छक्क परिन् । एकदिन नयाँ दुलहीलाई बोलाएर सासुले भनिन्-"ए दुलही ! अर्काको भात पकाउने पालोमा तैंले किन काम गर्न गएकी ? जान्ते नहोउ, आफनो पालोमा मात्र चुलो धन्दा नगरीकन ।"

"होइन आमा !" नयाँ दुलहीले भनिन्- "अघि यो घरमा जहिले पनि भात पकाउने, लुगा धुने कुरामा झगडा भइरहन्थ्यो । अहिले यस्तो छैन । माइती जानलाई पनि कसैले भनाई खान पर्दैन । परस्परमा सहयोग भइरहेकोले काम सबै राम्रोसंग भइरहेको छ । "

नयाँ दुलहीको कुरा सुनेर सासुचाहिं प्रभावित भइन् । तिनले सोधिन्- "तँलाई कसले यसरी काम गर्न सिकाएको ?"

नयाँ दुलहीले भनिन्- "हाम्रो बा आमा, हामी सबै विहारमा गएर कथा सुन्थ्यौं । धर्मकर्म गर्थे । भन्तेहरूको गुरूमांहरूको बानी सुधार गर्ने कथा सुन्थ्यौं । मलाई यहाँ दिई पठाउनु दुइ दिनअघि बा र आमाले भन्नु भएको थियो-पति घरमा बस्दा आफ्नो मनले देखेर काम गर्नुपर्छ । झगडा भएमा झगडाको कारण बुझेर झगडा नहुने काम गर्नुपर्छ । नत्र इज्जत जान्छ । यो दुलही अल्छी, लुच्ची, बजौठी, यस्तो भनाई खानु पऱ्यो भने बाबु आमालाई समेत नराम्रो हुन्छ । त्यसैले मैले बाबुआमाको अर्ति मुताबिक काम गरिरहेछु ।"

सासु चाहिंले सोधिन्- "भन्तेहरू भन्ने को हुन् नि ?"

नयाँ दुलहीले भनिन्-"भन्ते" भिक्षुहरूलाई आदरपूर्वक बोलाउँदा प्रयोग गरिने आदरार्थक शब्द हो ।"



Downloaded from http://dhamma.digital

"भन्ते" भिक्षुहरूलाई प्रयोग गरिने आदर सूचक शब्द रहेछ । भिक्षुहरूले यस्ता कथाहरू भन्ने रहेछ ।"

सासु चाहिंले भनिन्-"दान दिनुपर्छ भनी दाम लिने मात्र गर्छन् भनेको त होइन रहेछ" मनमनै भनिन्,"राम्रो उपदेश दिने रहेछ भिक्षुहरूले साँच्चै लक्ष्मीजस्तै दुलही फेला पऱ्यो । घरमा झगडा तगडा केही छैन अब । सबै मिलजुल भएर काम गर्दा कति राम्रो भयो । माइती जान पर्नेहरूलाई पनि आनन्द भयो । हो बा ! छोरीलाई पुल्पुल्याएर राख्दा पछि आफैलाई नराम्रो हुन्छ । अर्काको निन्दा चर्चा सहनुपर्ने हुन्छ । छोरीलाई तालीम गर्नु पऱ्यो ।

पतिघरमा गएर छोरीले मनले चिताएझैं काम गरेर बाबुआमाको नाम राखी दिइन् । साहु र साहुनी दुवै खुसी भए । विहारमा गएर भन्ते र गुरूमांहरूद्वारा भगवान् बुद्धको उपदेशानुसार सुधार कार्य गर्न सकेकाले तिनीहरूको हर्षको सीमा रहेन ।

✧✧✧



Downloaded from http://dhamma.digital

# स्वास्नीको धर्मले लोग्नेको ज्यान बचेको

एक समयमा वाराणसी देशमा ब्रह्मदत्त नाउँ गरेको राजा थियो। उनको शासनकालमा हिमालय प्रदेशमा किन्नर (परी) योनीमा बोधिसत्वको जन्म भएको थियो। उनकी चन्द नाउँ गरेकी किन्नरी पत्नी थिइन्। तिनीहरू चन्द नामको चाँदिको पर्वतमा बस्दथे।

एकदिन वाराणसीका राजा शिकारी खेल्न भनी हिमालयतिर गए। मृगहरू मार्दै मासु खाँदै राजा किन्नरहरू भएको पर्वतको फेदिमा पुगे।

किन्नरहरू वर्षाद ऋतुमा तल झर्दैनथे। गरम महिनामा रंगविरंगका फूलहरूले वनजंगल मनोहर हुन्छन्। यस्तो अवसरमा रसरगंको लागि किन्नरहरू वनविहार गर्न पर्वतबाट तल ओर्लन्थे।

वोधिसत्व किन्नर आफ्नी किनरी चन्दालाई साथमा लिएर सुगन्धी पुष्पहरूको पराग (केशरी) खाँदै सुगन्ध छर्दै पहाडबाट तल झरिरहको थिए। तलतिर एउटा राम्रो पोखरी थियो। त्यो पोखरीमा नुहाएर फूलका मालाले सजिएर किन्नरी पोखरीको डिलमा नाचिरहएकी थिइन्। बोधिसत्व किन्नर बाँसुरी बजाइरहेको थियो। बाँसुरीको शब्द सुनेर शिकारको लागि डुल्दै आइरहेको राजा सुस्तसंग बिरालो हिंडाइले त्यस ठाउँमा आए। वनस्पतिको झाँगमा लुकेर किन्नर किन्नरीको रूपलावण्य देखेर राजा मोहित भए। किनरी निकै राम्री थिइन्। किनरलाई मारेर किनरी दरबारमा लिएर जान्छु। राजाले यस्तो चाहना गरे। कुनियतमा परेका राजाले बोधिसत्व



Downloaded from http://dhamma.digital

किनरलाई वाणले हाने । किनर घायल् भएर छट्पटायो । तिनको शरीरबाट रगतको भल बग्यो । आफनी प्रियासंग सदाको निमित्त बिछोड हुनु पऱ्यो भन्ने पीरले किनर आकुल व्याकुल भयो । तिनको आँखाबाट आँसुको धारा छुट्यो । उनले बिलौना गऱ्यो -

"लाग्यो उड्न यो प्राण पखेरू
जीवनज्योति निभिरहेछ रक्तदेहको भुईंमा बगी
छैन कति अब आशा मेरो जीवन अन्त हुन्छ छिट्टै
दुर्दिनले पर्खाल उठायो तिम्रो मेरो विचारमा अजन्मै
चन्दा ! चन्दा !! हाय चन्दा !!! हुन लाग्यो तिमी एक्लै लाग्यो
उड्न यो पखेरू ।"

बोधिसत्व किनर विलाप गर्दै बेहोशमा परेर छट्पटाई रहयो । राजाले वनस्पतिको झाँगमा लुकेर हेरिरहयो । उता किनरीलाई लोग्नेको प्राण जान लागेको थाहा भएन । मग्नमस्त भएर नाचिरहेकी किन्नरीको आँखा अनायासले किन्नर माथि पऱ्यो । आफ्नो लोग्ने अचेत भएर लडिरहेको देखेर हतपतसंग दगुर्दै लोग्नेको नजीक आइन् । किम्नरको रगत भुईंमा छताछुल्ल भइरहेको, धेरै बेर सम्म छटपटिरहेकोले जीउभरि रगत लागेको, प्राण पखेरू उडिसकेकोले शरीर चिसो भइसकेको, पतिको हालत देखेर किन्नरीले विलाप गरिन् । किन्नर मरिसकेको निश्चय भएपछि राजा बिस्तारै वनस्पतिको झाँगबाट बाहिर निस्के । चन्दाले राजालाई देख्नासाथ भनिन्,"यहि चण्डालले मेरो लोग्नेलाई वाणले हानेको होला ।" किन्नरी डराएर त्यहाँबाट भागिन् । पहाडको थुम्कामा बसेर राजालाई सरापिन्- "दुष्टराजपुत्र ! मेरो निर्दोषी लोग्नेलाई बाणले हानिस् । तैंले जुन किन्नरी विवाह गर्ने आशाले पापकर्म गरिस्, किन्नरीको मनमा जस्तो



Downloaded from http://dhamma.digital

सोक, पीर र दु:ख भयो त्यस्तै त्यो तेरो स्वास्नीलाई पनि होस् । तेरो आमाले तेरो सुख देख्न नपाओस् । तेरो स्वास्नीले लोग्नेको मुख देख्न नपाओस् ।"

आफूलाई सराप्दै रोइरहेकी किन्नरीलाई हेर्दै राजा भन्दछ, "हे चन्दा ! तिमी नरोऊ । केही धन्दा नमान । तिमी मेरी महारानी हुनेछौ । तिमीलाई दरबारमा देवीलाई जस्तै मानमर्यादा गर्नेछन् ।"

"हे पापी राजपुत्र ! तैंले मेरो लोभले मेरो निर्दोषी लोग्ने किन्नरलाई मारिस् । बरू मर्न तयार छु । तँ जस्तो दुष्ट अधर्मीसंग आउने छैन ।

किनरीको त्यो गाली गलोच सुनेर राजा त्यहाँबाट हिँडे । जानुभन्दा अघि राजाले भने "हे मूर्खनी किन्नरी ! तँ हिमालमै बसिरहोस्, जहाँ फलफूल र मृग जन्तु सिवाय केही छैन ।"

राजा हिंडिसकेपछि पहाडबाट ओर्लेर किन्नरीले बोधिसत्व किन्नरको मृत शरीर बोकेर पर्वतशिखरमा लगिन् । पतिको शिर आफ्नो काखमा राखेर बिलौना गर्दै भनिन्,"मेरो प्राण ! यस्तो राम्रो पर्वत र गुफामा यस्तो रमाइलो हिमालय र जङ्गलमा कति आनन्दले हामी डुल्थ्यौं, खेल्थ्यौं । अब म एक्लै भएँ । मेरो सूर्य अस्तायो । मेरो जीवनज्योति हरायो । मेरो संसार नष्ट भयो । मेरो सर्वश्व हरण भयो । जता हेर्छु उतै अन्धकार, फुलहरूको सुगन्धले मगमगिरहेको यो हिमालय प्रदेश मेरो लागि दुर्गन्धले युक्त भयो । मेरो प्राण ! मेरो जीवनेश्वर !

मैले पतिब्रत धर्म पालन गरेकोरहेछु भने पति भक्ति सत्यधर्म पालन गरेकी रहेछु भने मेरो प्यारो किन्नरको जीवन फर्कोस् । यस्तो निर्दोषी माथि दुष्टले बाण चलाए । सत्यको प्रभाव छ भने यस्तो



Downloaded from http://dhamma.digital

बेलामा हुनुपर्छ । मेरो सत्य धर्मको प्रभावले मेरो प्राणेश्वरको प्राण फर्कोस्, । बोधिसत्व किन्नरको छातीमा हात राखेर किन्नरी झुलिरहिन् । बिस्तारै किन्नरको छाती तातेको जस्तो अनुभव भयो । मेरो प्रणाधारको मुटु तातेछ । मेरो सत्य धर्मको प्रभाव अवश्य हुनुपर्छ । मैले पतिभक्ति सत्यधर्म पालन गरेको छु । यो सत्य प्रभावले मेरो प्राण उठेर आओस् । यस्तो अधिष्ठान गरेर पोखरीको पानी ल्याएर पतिको देहमा सिञ्चन गरिन् । बोधिसत्व बिस्तारै उठ्यो । घाउ पनि चाँडैनै निको भयो । दुबै जनाले अघि जस्तै आनन्दपूर्वक जीवनयापन गरे ।

शुद्ध मनले लोग्नेको सेवा गरेमा यहाँको यहि फल प्राप्त हुने रहेछ ।



Downloaded from http://dhamma.digital

# शुद्ध मैत्री चित्तको प्रभावले कुमन्त्रले छुन नसकेको

प्राचिनकालमा वाराणसी देशमा धेरै दु:ख सहेर समुन्द्रपार व्यापार गरेर धनी भएको एउटा महाजन थियो । धेरै धनी भएपछि महाजनले आफू घरमै बसी बनियाँहरूलाई समुद्रपार पठाई व्यापार गर्ने भयो । उनको धेरै देशसंग व्यापारिक सम्बन्ध थियो ।

एकदिन धेरै मालसामानहरू विदेशमा पठाउन परेकोले धेरै बनियाँहरूको आवश्यकता परेको थियो । यस निमित्त महाजनलाई एउटा इमान्दार बनियाँ नाइकेको पनि नितान्त आवश्यक थियो । एकजना आफ्नो विश्वासपात्र बनियाँलाई नाइके नियुक्ति गरियो, यो मालसामान यो देशमा बिक्री गर्नु भनी अह्राएर मालसामानहरू बन्दर गाहतिर ओसार्न लगायो ।

बनियाँ नाइकेले प्रस्थान गर्नुभन्दा अघि साहुलाई भन्यो, "म अधिजस्तै एक्लै होइन मैले विवाह गरिसकेको छु । यसैले महिनौं परदेशमा घुम्नलाई घरकी जहानलाई अलिकति खर्च छोडेर जानुपर्छ । मलाई अलिकति दाम दिनुहोस् ।"

साहुले भन्यो,"हुन्छ । तर अहिले मसंग नगद छैन । यहाँ धन धेरै राखिछोड्नु पनि हुँदैन । तिम्रो जहानलाई खर्च अड्क्यो भने यहाँ लिन जानु भनेर जानु । दिई पठाई दिन्छु ।"

पैसा भन्ने चीज कस्तो हुँदोरहेछ । त्यत्रो साहुले पनि छैन भन्यो । यहाँ धन धेरै राख्नु हुँदैन रे । धेरै धन हुने पनि दु:खै रहेछ । बनियाँले घर गएर आफ्नो जहानलाई भन्यो-"म भोलि सबेरै जहाज चढेर समुद्रको यात्रा गर्छु । तिमीलाई खर्चको आवश्यकता पऱ्यो भने



Downloaded from http://dhamma.digital

साहुकहाँ लिनजानु, दिन्छु भन्नु भएको छ । केही धन्दा नमान्नु । म सकेसम्म चाँडै आउने छु ।" यति भनेर बनियाँले स्वास्नीसंग बिदा माग्यो ।

"हाम्रो विवाह भएको धेरै भएको छैन । यसरी छुट्टिएर बस्ने इच्छा छैन । तर के गर्ने ! नगरिकन हामिलाई खानेकुरा कहाँबाट आउँछ । विवाह गरेर यति चाँडै छुट्टिएर बस्नु बेमज्जा भए पनि परिस्थितिवश छुट्टिनुपर्‍यो । एउटा कुरा भन्छु । जहाँ पनि जुनसुकै काममा पनि होशियारीसाथ गर्ने गर्नुहोस् । यहाँ घरमा जस्तै बुद्धगुण स्मरण गरेर शुद्ध मनले परित्राण पाठ गर्ने गर्नुहोस् । सत्यमा रहनुहोस् । म पनि अप्रमादी भएर केही न केही गरिरहने छु । बुद्धगुण स्मरण र मैत्रीभावले बिध्नबाधा केही नभएर कल्याण हुनुपर्छ । शुभ कुशल भइरहोस् भनेर प्रार्थना गरिरहने छु ।"

बनियाँले साहुसंग बिदाबाजी भएर समुद्रमा यात्रा गर्न प्रस्थान गर्‍यो ।

यता बनियाँ नाइकेकी जहानले परदेशमा गएको लोग्नेलाई बिध्नबाधा, भय । अन्तराय केही नहोस् भनी पतिव्रत धर्म पालन गरेर शुद्ध मनले, आचरणले पूजापाठ आदि गरेर दिन काटिरहिन् । परपुरुषसंग हाँसी, ख्याल ठट्टा गरी, आँखा झिम्काई सतित्व नष्ट गर्ने यस्तो दुश्चरित्रबाट टाढै रहेर परदेशमा गएको लोग्नेलाई शुभ मङ्गल भइरहोस् भनी मैत्रीचित्तले शुभकामना गरी दिन बिताइरहिन् ।

खर्च गर्ने पैसा सकिएर एकदिन लोग्नेले भने अनुसार साहुकहाँ पैसा माग्न गइन् । साहुलाई नमस्कार गरेर तिनले भनिन्- "मेरो स्वामीले खर्च गर्नलाई पैसा चाहेमा साहुकहाँ लिन जानुं भनेर जानु भएकोले आएको म । अलिकति खर्च पाइन्छ कि ?"



Downloaded from http://dhamma.digital

बनियाँ नाइकेकी स्वास्नी भर्खरकी तरूणी थिइन् । तिनी अति राम्री थिइन् । साहुले आँखैं नफिराइकन तिनलाई पैतालादेखि शिरसम्म लोभी दृष्टिले हेऱ्यो । अनि भनेजति रूपियाँ दिई पठायो ।

दाम लिएर बनियानी आवश्यक सामानहरू खरिद गरी घर गइन् । साहुले जतिसुकै प्रेम देखाए पनि तिनलाई वास्ता थिएन । मात्र आफ्नो परदेशमा गएको लोग्ने सम्झेर उनलाई कुनै प्रकारको अमङ्गल नहोस भनी शुद्धचित्तले मैत्री भावना गरिरहिन् । उनी ठान्थिन्, मन अशुद्ध भयो भने उनले गरेको शुभकामना पूरा हुँदैन मनले कुनै नराम्रो कल्पना गर्नु हुँदैन । यो दृढ विश्वासले तिनको मन साहुतिर लागेन । मजबूत चित्तले आफ्नो मङ्गल कामना गरिरहिन् ।

साहु रातदिन त्यो बनियाँकी स्वास्नीमात्र सम्झिरहन्थ्यो । साहुनी भन्दा तिनी निकै राम्री थिइन् । अनि के त, प्राय: लोग्नेमानिसहरू राम्री तरुणी देखेपछि आफ्नी स्वास्नीदेखि असन्तुष्ट हुनु स्वाभाविकै पो हो कि ! धनको अभिमान र मोहचित्तले गर्दा अर्काकी स्वास्नीलाई कुदृष्टीले हेर्नु अनुचित थानेन । त्यही बनियाँकी स्वास्नीलाई सम्झेर साहुको मन चञ्चल हुन थाल्यो । आफ्नो वशमा पार्ने अभिप्रायले तिनलाई भने जति दाम दिई पठाउँथे । जोशमा होश नभएको साहुको मन उनै बनियाँनीसंग टाँसियो । साहुले मनमनै भन्यो- "त्यो बनियाँकी स्वास्नी नल्याइकन मनमा शान्ति हुँदैन ।"

साहुले कल्पना गऱ्यो - लोग्ने भएकी विवाहिता, तिनलाई केवल धनको बलले ल्याउनु हुँदैन । लोक निन्दाको साथै राजदण्ड पनि हुन सक्छ । कुनै उपायद्वारा तिनको लोग्नेलाई मार्न पाए हुन्थ्यो । मेरो बनियाँ हो, तिनको लोग्ने ! लोग्ने मरेपछि त अनि, कहाँ जाला मछली मेरो धरियाँ ! अनाथिनी भएकीले आफ्नो बनियाँकी



Downloaded from http://dhamma.digital

जहानको उपकारको लागि घरमा ल्याएँ । कसको के भन्ने ठाउँ छ ? अनि त इच्छानुसार स्वास्नी गरेपनि भयो । नोकर्नी गरे पनि भयो । संसारको भनाइ खानुपर्ने छैन । धर्म गरेको जस्तो पनि हुन गयो । यस्तै ठीक पर्ला ।" यो निष्कर्षमा पुगेपछि साहुले सन्तोषको सास फेऱ्यो । बनियाँ नाइकेलाई कसरी मार्ने ? उसलाई समुद्रपार व्यापार गर्न पठाईराखेको छु । उ हतपत आउँदैन । महिनौ बिस्तार हुन्छ । मलाई तिनको स्वास्नी छिट्टै ल्याउनु परेको छ । के गरेमा मनको...? 'एउटा वैद्य छ । कुविद्या र कुमन्त्रमा पारंगत । उ मसानमा गएर भूतहरूलाई नचाउँछ । शायद यसैबाट यो काम हुनसक्छ ।'

एकदिन त्यो वैद्यलाई बोलाएर साहुले आफ्नो गुप्ती कोठामा लग्यो । आफ्नो कहानी सुनाएर साहुले उसलाई भन्यो -"समुद्रपार व्यापार गर्न पठाइराखेको मेरो बनियाँ नाइकेलाई उहीं मार्न सक्यौ भने तपाईलाई जग्गा जमीन र घरको राम्रो व्यवस्था मिलाईदिनेछु । धन पनि दिनेछु ।"

धेरै धन देखेपछि महादेवको त त्रिनेत्र बल्छ भन्ने उखान छ । एउटा साधारण वैद्यको के कुरा ! वैद्यले खुशी भएर भने,"यो काम म खुशीसाथ गर्छु । तर साहुजी मेरो मिहेनत खेर नजाओस् ।"

साहुले वैद्यलाई विश्वास दिलायो - 'काम सफल भएपछि कबुल अनुसार फरक नपारिकन सबै कुरा पूरा गर्नेछु ।'

वैद्यले घर गएर तन्त्रमन्त्र प्रयोग गरेर भूतलाई आह्वान गऱ्यो । मन्त्राधीन भूत वैद्यको आज्ञा मान्न तयार भयो ।

"फलाना साहुको बनियाँ नाइके समुद्रपार व्यापार गर्न गएको छ । उसलाई मारेर आउनु ।" भूतले वैद्यको आज्ञा शिरोपर गर्न प्रस्थान गऱ्यो ।



Downloaded from http://dhamma.digital

'धम्मोहवे रक्खति धम्मचारी' (जुन व्यक्तिले शुद्ध मनले आफ्नो आचरण धर्म पालन गरिरहन्छ, उसलाई कुमन्त्रले छुन सक्दैन) यो सत्य संसारमा विद्यमान रहेछ । बनियाँ नाइके बुद्धगुण स्मरण गरी परित्राण पाठ गर्ने गरेको शुद्ध हृदयी भएको र तिनकी जहानले पनि शुद्ध मनले, शुद्ध आचरणले मैत्री भावना गरिरहेकी हुनाले तिनको शुद्ध चित्त र मैत्री बलले गर्दा भूतले बनियाँ नाइकेलाई केही गर्न सकेन । तीनपल्टसम्म त्यो भूतले बनियाँ नाइकेलाई मार्ने प्रयास गऱ्यो । तर मार्नु त कता कता बनियाँ नाइकेको नजीकसम्म पनि जान सकेन ।

सत्यताको केही शक्ति नहुँदो हो त दुष्ट चित्तका दुर्जनहरूले मन नपरेका मानिसहरूलाई कुमन्त्र हतियारले के मात्र गर्दैन होला ! तर कुमन्त्रले जो कोहीलाई छुन नसक्ने रहेछ । नराम्रो चित्तका र दिनदशा बिग्रेकाहरूमा मात्र कुमन्त्रको प्रभाव पर्ने रहेछ ।

भूतले कति प्रयास गर्दा पनि बनियाँ नाइकेलाई छुन सम्म पनि सकेन । हरेश खाएर फर्क्यो । वैद्यले भूतलाई 'बनियाँ नाइकेलाई नमारी हुँदैन । जाउ कि जाउ' भनी जोड गऱ्यो । बनियाँ नाइकेको शुद्ध चित्त छ । उनी धर्मात्मा छन् । उनलाई म केही गर्न सक्दैन भन्दा पनि वैद्यले भूतलाई जाउ कि जाउ भनी जोड गऱ्यो । उसलाई मार्न सकेमात्र मेरो कार्य सिद्ध हुन्छ । म धनी हुन्छु भन्दै भूतलाई वैद्यले जबरजस्ती गऱ्यो ।

भूतलाई रिस उठ्यो । नाहकमा शुद्ध चित्त धर्मात्मा व्यक्तिलाई मारेर आफू धनी हुन खोज्ने यसैलाई मार्नु पर्छ भनेर भूतले वैद्यलाई मार्न खोज्यो । तर ग्रहपति बलियो भएकोले हो कि तारणसारणको प्रभावले हो वैद्यलाई मार्न सकेन । भूतले फेरी



Downloaded from http://dhamma.digital

विचार गऱ्यो- "मलाई यस्तो काम अह्राएको, उसको मूल कारण त त्यही साहु हो, जो अर्काको लोग्ने मारेर स्वास्नी लुट्न चाहन्छ। यसलाई माऱ्यो भने वैद्यको कुरा हराउँछ, अनर्थकारित यही दुष्ट आत्मा साहु हो। यसैलाई मार्छु बरू। शुद्ध हृदयमा पवित्र दम्पति बनियाँ र बनियाँनीको दाम्पत्य प्रेममा पनि आँच आउँदैन। उस्ता विचार गरेर भूतले साहुलाई सिध्याइदियो।

साहुसंग घर लिउँला, खेत लिउँला, धनदौलत लिउँला सुखी हुँला भन्ने आशा गरिरहेको कुवैद्य ज्यानमारा भूतको डरले थरथर काम्यो।

वैद्य निस्केन गइसकेपछि घण्टौं घण्टौंसम्म पनि साहु कोठाबाट निस्केन। सुतिरहनु भएको हो कि भनेर साहुनीले कोठामा हेर्न गइन्। साहु बिछ्यौनामै मरिरहेको देखेर सबजना बिलखबन्दमा परे। रोगै केही नभइकन अकस्मात्संग साहुको मृत्यु भएकोले घरका जहानहरूले सोचविचार गरे। वैद्यलाई समातेर ल्याए। साहुलाई मारेको तैंले नै हो। तेरै कुमन्त्रले साहु मरेको हो। के के गरिस् तैंले ? भन्दै वैद्यलाई सापसंग चुटे। 'साहुलाई मारेको मैले होइन। मलाई नमार्नुहोस्। भएको कुरा म भन्छु।'भन्दै वैद्यले बिन्ती गऱ्यो। "भन् कसरी साहुको ज्यान गयो। नत्र तँलाई.....? दाह्रा किटेर, मुक्का उठाएर साहुका जहानहरूले सोधे।

वैद्यले भन्यो- "साहुलाई बनियाँ नाइकेकी स्वास्नी मन पऱ्यो। तिनको लोग्नेलाई नमारिकन तिनलाई घरमा ल्याउन नहुने भएकोले साहुले मेरो मन्त्रको मद्दत लिनु भयो। घर, खेत र व्यापार गर्नलाई धन दिन्छु भन्नु भएकोले म पनि लोभमा फसें। तर त्यो बनियाँ नाइके शुद्ध चित्तको धर्मात्मा भएको र उसकी पत्नी पनि



Downloaded from http://dhamma.digital

बुद्धगुण स्मरण गरेर सत्यधर्ममा बसेकी, मैत्री भावना बलियो भएकी हुनाले भूतले बनियाँ नाइकेलाई केही गर्न सकेन । धनको लोभले गर्दा काम तामेल गरिदेउ भनी मैले करकाप गरें । यहीदुष्टात्माले गर्दा वैद्यले मलाई दु:ख दिएको हो भनेर भूतले साहुलाई मारिदियो । मैले मारेको होइन । मेरो ज्यान नजाओस् ।"

वैद्यको कुरा सुनेर साहुको जहानहरूको चित्त बुझ्यो । तिनीहरूलाई थाहा भयो कि साहुको आफ्नै गल्तीले ज्यान गएको भनेर । पाप अर्कालाई बिगार्ने नियतले गरिन्छ । फल आफैंले भोगिन्छ भन्ने उखान चरितार्थ भयो । पापको फल अहिलेको अहिले नै देखियो ।

केही महिनापछि समुद्रपार व्यापार गर्न खटिरहेको बनियाँ नाइके फर्केर आयो । इमान्दार भएकोले उसलाई साहुको ठाउँमा राखे । सत्य, मैत्री र सदाचारको शक्ति सम्पन्न भएको, बुद्धगुण स्मरण गरेर राम्रो काम गर्ने भएकोले तिनीहरूको जीवनमा केही दु:ख भएन । कसैको कुमन्त्रले पनि तिनीहरूलाई छुन सकेन ।

✧✧✧



Downloaded from http://dhamma.digital

# सीमानिगु लुमंकी

म्वातले भींपिं हरहर न्हिला सीत्यंका स्व मिखाय् ख्वबी
मवःतले ल्वःमंका मृत्यु ज्वीह्मेस्यां स्व दुःख क्वबी
न्यँ पासापिं जिं न्यंके छिमित तरिका ह्मसिकेगु काल गति
ध्वाक्क दँ वैच्वंगु काल लुंमकेगु धाइ ध्वैत हे मरण सति । १ ।
शान्तगु थासे शुद्धगु मनं लुमंका च्वनेगु खः ध्व ध्यान
हाकुगु मनं ध्यान यातकि ग्याना वै खना वं थःगु ज्यान
योम्ह काय् वं सीगु लुंमकी थःगु तुयूगु दारी खना व ग्याई साहु
पुले माः पिं सीसा न्हिली 'मयोपिं सीसा ज्यू' वं धाई । २ ।
शत्रु चात्तु वाःसा छतिं मन्त्स्यु से वोम्ह वंसां दुःख मतासे
जक हे याय् फै मरण सति, थःत लिपा ज्वीगु खनाः गति
सम्यक दृष्टि, सम्यकध्यान, प्रज्ञादय्काया ध्यान आचार
शंका, चिन्ता, अल्छी, आशक्ति व मदेके फै मभिंगु विचार । ३ ।
हे मूर्ख ! कन्हे याय् हथाय् जुलला, याकनं 'ल्यायम्ह जुल धाय्केत
घंसां, दंसा, न्ह्यासां म्हाःसां काल वैच्वंगु दु छंत काय्त
सेफे सूहुँ, द्येगले द्यँहुँ, चाहे बिस्युं हुँ छ चन्द्रलोके
बुलुहुँ बुलुहुँ न्ह्याना च्वंगु दु छ, बिस्युं बिस्युं वसां कालयाथाय् ।
ज्यापू हे जुसां, जुजु हे हाःसाँ, 'बालाँ जिला, बल्ला' धाःसा
'चंख जिला' धका काल मवेकेत, भकारी दुने जक सुला हे च्वंसां
ध्येबा दु जिकेला घूस हे नके, मखुसा भोग किसी हे धाःसां
ख्वःसां, हाःसां, पापीसां भिंसां, काल मवैमखु न्ह्याक्व हे हाः साँ
लैं खु खः वला पापं सित, बुढाम्ह खःवला रोगं सित
छु वै काल भकारी दां दुम्ह, खसी हे म्हं म्हं नय्फूम्ह जित ?



Downloaded from http://dhamma.digital

काल स्यायूत छं स्वा हे ज्या:सां, भाग्यशाली छ विशाखा थें सां
बुद्ध नापंला बचे ज्वी मफूगु, त्व:फी मखु छ लुमंका ति ध्वां ।
छु फ्वीं याना छं जिगु म्ह धका ? थ:गु बसे मदुगु शरीर सीका
सि, धें, किमि ब यक्कों मेपिं छंगु म्ह दुने प्याखँ ल्हू ध्वीका
छंगु शरीर ख: धर्मशाला नई, फाई, म्वाई, सी, कीत उकी
च्वं हे कुतुं वै सर्प हे न्याई, मृत्यु प्याखँ ल्ह्वी छन्हु थुकी । ७ ।
खंला हुँ बुढा सच्छि दँ पुल, आ:ला सीमखु धका दंग जुल
छें सी धा: गुलिं सतले च्वना, 'बचे ज्वी जिला' धका धुक्क जुल
गवले गन व गथे सी धका, थौं तक ध्व खँ सुनां सिल ?
काल वैबले स्वा:पा तैच्वने, छले याय् वैत धका मूर्ख न्हिला ।
स्यायूत यंकूपिं म्येत थें भी, भन भन मृत्यु सतिना वै
लखे ध्व: साले थें भीगु जीवन, सि हे मदेवं ध्व: मदै
थथे हे मृत्यु लुमंका च्वनेगु, ध्वयात हे धाई मरण सती
ध्यान थथे तया ज्या सुनां याइ, वया जीवन लाई भिंगु गती ।

साधु ! साधु !! साधु !!!



Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## (नेपाल भाषा)

१. महासतिपट्ठान सूत्र
२. बुद्धया भिंनिगु विपाक
३. अभिधर्म (भाग - १)
४. ऋद्धि प्रातिहार्य
५. वासेट्ठी थेरी
६. यःम्ह म्हचाय्
७. पञ्चनीवरण
८. भावना
९. एकताया ताःचा
१०. प्रेमं छु ज्वी
११. त्रिरत्न गुण स्मरण
१२. बुद्ध पुजा विधि (प्र.सं.)
१३. मैत्री भावना
१४. कर्तव्य (प्र.सं.)
१५. मिखा
१६. परित्राण
१७. हृदय परिवर्तन
१८. बुद्धया अन्तिम यात्रा (भाग -१)
१९. बुद्धया अन्तिम यात्रा (भाग - २)
२०. कर्म
२१. बाखं (भाग - १)
२२. बौद्ध ध्यान (भाग-१)
२३. बोधिसत्व
२४. शाक्यमुनि बुद्ध
२५. अनत्तलक्खण सुत्त
२६. मत्ति भिंसा गति भिनि
२७. अहिंसाया विजय
२८. बाखं (भाग-२)
२९. महास्वप्न जातक (प्र.सं.)
३०. लक्ष्मी द्यो
३१. अभिधर्म (भाग-२)
३२. बाखंया फल (भाग-१)
३३. बाखंया फल (भाग-२)
३४. क्षान्ति व मैत्री
३५. प्रार्थना संग्रह
३६. बाखं (भाग-२) (द्वि.सं.)
३७. प्रौढ बौद्ध कक्षा
३८. मूर्खम्ह पासा मज्यू
३९. बुद्धया अर्थनीति
४०. श्रमण नारद
४१. उखानया बाखं पुचः
४२. पालिभाषा अवतरण (भाग-१)
४३. न्हापांयाम्ह गुरु सु ? (द्वि.सं.)
४४. पालि प्रवेश (भाग-१)
४५. पालि प्रवेश (भाग-२)
४६. चमत्कार
४७. बाखं (भाग-४)
४८. राहुल यात उपदेश
४९. अभिधर्म
(चित्तकाण्ड छगुया संक्षिप्त परिचय)
५०. मणिचूड जातक
५१. महाजनक जातक
५२. गृही विनय (तृ.सं.)
५३. चरित्र पुचः (भाग-२)
५४. बौद्ध ध्यान (भाग-२)
५५. शान्तिया त्वाथः
५६. बुद्ध व शिक्षा (ख)
५७. विश्व धर्म प्रचार देशना (भाग-२)
५८. जातक माला (भाग -१)
५९. त्रिरत्न वन्दना व सूत्र पुचः
६०. चरित्र पुचः (भाग-२)
६१. त्रिरत्न वन्दना व पञ्चशीलया फलाफल
६२. लुम्बिनी विपस्सना
६३. विश्व धर्म प्रचार देशना (भाग-१)
६४. योगीया चिट्ठी
६५. संक्षिप्त बुद्ध जीवनी
६६. बुद्ध धर्म
६७. जातक बाखं
६८. जातक माला (भाग-२)
६९. सर्वज्ञ (भाग-१)
७०. पालि प्रवेश (भाग-१,२)
७१. किशा गौतमी
७२. जप पाठ व ध्यान
७३. धर्म मसीनि
७४. तेमिय जातक
७५. त्रिरत्न गुण लुमंके ज्ञानया
मिखा चायेके (प्र.सं.)

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## (नेपाल भाषा)

७६. धम्मपद (श्लोकवद्ध)
७७. बाखँ (भाग-५)
७८. सप्तरत्न धन
७९. सर्वज्ञ (भाग-२)
८०. दान
८१. वम्मिक सुत्त
८२. मध्यम मार्ग
८३. महासिहनाद सुत्त
८४. भिंम्ह काय् व म्हचाय्
८५. भिक्षु जीवन
८६. समथं व विपश्यना संक्षिप्त भावना विधि
८७. महानारद जातक
८८. भिंम्ह मचा
८९. विवेक बुद्धि
९०. भंग लाइम्ह लाखे
९१. बुद्धपूजा विधि (भाग-१)
९२. स्वास्थ्य लाभ
९३. शिक्षा (भाग-१)
९४. शिक्षा (भाग-२)
९५. दृष्टि व तृष्णा
९६. विपश्यना ध्यान
९७. सतिपट्ठान भावना
९८. बाखँ (भाग-६)
९९. धम्मचक्कप्पवत्तन सुत्तं (द्वि.सं.)
१००. गौतम बुद्ध
१०१. नेपालय् २५ दँ जिगु लुमन्ति
१०२. बुद्ध व शिक्षा (क)
१०३. शिक्षा (भाग-३)
१०४. शिक्षा (भाग-४)
१०५. महा स्वप्न जातक (द्वि.सं.)
१०६. धम्मपद ब्याख्या (भाग-१)
१०७. धम्मपदया बाखँ
१०८. अभिधर्म (भाग-२) (द्वि.सं.)
१०९. संसारया स्वापू
११०. धम्मपद (मुल पालि सहित नेपाल भाषाय् अनुवाद) (पाँ.सं.)
१११. आदर्श बौद्ध महिलापिं
११२. बौद्ध नैतिक शिक्षा (भाग-१)
११३. वेस्सन्तर जातक
११४. निर्वाण (रचना संग्रह)
११५. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायेके (द्वि.सं.)
११६. पालिभाषा अवतरण (भाग-२)
११७. दीर्घायु ज्वीमा
११८. न्हूगु त्रिरत्न वन्दना व धम्मपद
११९. मनूतय्गु पहः
१२०. संस्कृति
१२१. कर्तव्य (द्वि.सं.)
१२२. विशेष म्ह मफैवले पाठ यायेगु परित्राण
१२३. बुद्धया करूणा व ब्रह्मदण्ड
१२४. विरकुशया बाखँ
१२५. त्रिरत्न वन्दना व परित्राण
१२६. धम्मचक्कप्पवत्तन सुत्त (द्वि.सं.)
१२७. पट्ठानपालि
१२८. कर्म व कर्मफल
१२९. शिक्षा (भाग-५)
१३०. धर्मया ज्ञान (भाग-२)
१३१. संक्षिप्त बुद्ध वंश (भाग-१)
१३२. संक्षिप्त बुद्ध वंश (भाग-२)
१३३. अभिधर्म द्वि.सं. (भाग-२)
१३४. अभिर्धम पालि
१३५. न्हापांयाम्ह गुरु सु ? (द्वि.सं.)
१३६. अनन्तलक्खण सूत्त (द्वि.सं.)
१३७. बुद्धपूजा, धम्मपद व ज्ञानमाला (प्र.सं.)
१३८. त्रिरत्न वन्दना व परित्राण (द्वि.सं.)
१३९. धम्मचक्कप्पवत्तन सुत्त
१४०. बुद्ध वन्दना विधि व बुद्धया भिंनिगू विपाक
१४१. मनूतय्गुपह (द्वि. सं.)
१४२. प्रौढ बौद्ध कक्षा (द्वि. सं.)
१४३. न्हापाँयाम्ह गुरु सु ? व अमूल्यगु धन
१४४. तिरतन बनदना परित्त सुत्त

मुद्रक : नील सरस्वती छापाखाना, लाजिम्पाट, फोन नं. ४-४३३०५४

Downloaded from http://dhamma.digital